

निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक दैनिक
epratee kdaily.com

अन्तर्राष्ट्रिय नारा
"Women in leadership: Achieving an equal future in a COVID-19 word"
राष्ट्रिय नारा
"महिलाको सुरक्षा समृद्ध नेपालको आधारः सम्मान र रोजगार"
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ फागुन २४ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 March 08 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १९२

# वीरगंज–पथलैया सडकखण्ड निर्माणमा ढिलाइ

## बढ्दो गर्मीसँगै सडकमा पानी नछर्दा यात्रीहरूलाई समस्या

प्रस, परवानीपुर, २३ फागुन/

वीरगंज–पथलैया ६ लेन सडकको निर्माण कार्यमा ढिलाइ भइरहेको छ भने बढ्दो गर्मीसँगै सडक धूलाम्य हुँदा पनि ठेकेदार कम्पनीको लापरवाहीका कारणले यात्रीहरूले सास्ती खेप्नुपरेको छ। वीरगंज–पथलैया, वीरगंज–पोखरिया र सुक्खा बन्दरगाह–परवानीपुर सडकखण्डको काम भइरहेको लामो समय भएको छ । तोकिएको समयमा ठेकेदार कम्पनीले काम सम्पन्न गर्न सकेको छैन । यसै क्रममा यस वर्षको गर्मीयाम पनि बिस्तारै शुरू हुँदैछ । अन्तर्राष्ट्रिय राजमार्ग भएको कारण वीरगंज–पथलैया सडकखण्डबाट दैनिक हजारौंको सङ्ख्यामा मालवाहक, यात्रुवाहक र निजी सवारीसाधनहरू सञ्चालनमा छन्। तर सडक निर्माणमा भएको ढिलाइसँगै ठेकेदार कम्पनीले आफ्नो दायित्व अनुसार सडक धूलाम्य हुन नदिनका लागि धूलो सडकमा पानी छर्ने काम नगर्दा यो सडकखण्डमा गुड्ने सवारीसाधनहरूमा यात्रा गर्ने यात्री, चालकहरूले निकै समस्या भोग्नुपरेको छ । वीरगंज महानगरपालिका–१२ मुर्लीका राजकिशोर गुप्ताले वीरगंज–पथलैयाबीचमा गण्डक, परवानीपुर, जीतपुर, सिमरालगायत क्षेत्रमा ठेकेदार कम्पनीले सडक विस्तारको काममा ढिलाइ गरेको र धूलाम्य सडकमा पार्नी नछर्दा यात्रुलाई समस्या भइरहेको गुनासो गरे। उनले एकचोटि वीरगंजबाट पथलैया जाँदा पूरै कपडा बर्बाद हुने गरेको र धूलोले श्वासप्रश्वासमा कठिनाइसमेत भइरहेको बताए। गाडीहरूले पनि धूलो उडाउँदै हिंड्छन्, वीरगंज–२५ श्रीसियाका रामभजन ठाकुरले भने । उनले ड्राइपोर्टको लक्ष्मी आयलदेखि आइसिपीसम्म सडक विस्तार तथा तिलावे पुलको काममा पनि ढिलाइ गरेको र गर्मी बढेर धूलाम्य सडकमा पानी नछर्दा सो सडकखण्ड प्रयोग गर्नेलाई समस्या भएको छ । सरकारले सडक विस्तार वा पुल निर्माणको काम गराउन ठेक्का सम्झौता गर्दा सडकमा पार्नी छर्केर धूलो नउड्ने गरी सडकको कामलाई पूरा गर्नुपर्ने शर्त राखेको हुन्छ । तर ठेकेदारले चरम लापरवाही गरिरहेको उनको भनाइ । वीरगंज–पथलैया सडकखण्डमा पप्पु, एमआर कन्टेक, युनाइटेड, दिवा सपना जस्ता निर्माण कम्पनीहरूले काम गरिरहेका छन्। सडक विस्तारको नियमन गर्ने निकाय वीरगंज–पथलैया व्यापारिक मार्ग परियोजना कार्यालय पथलैया हो। तर उसको पनि उदासीनताको कारण यस भेगका जनताले सास्ती भोग्नुपरेको सर्वसाधारणको गुनासो छ ।



वीरगंज–पथलैया सडकखण्ड अन्तर्गत परवानीपुरको दृश्य । तस्वीरः प्रतीक

# दोस्रो चरणको खोप अभियान शुरू

प्रस, वीरगंज, २३ फागुन/

पर्सामा पनि कोरोनाविरुद्धको खोपको दोस्रो चरणको खोप अभियान शुरू भएको छ।

आइतवार जिल्ला स्वास्थ्य कार्यालय, पर्साले आयोजना गरेको एक दिने अभिमुखीकरण गोष्ठीमा पहिलो चरणमा अग्रपङ्क्तिमा खटेका व्यक्तिहरू कोरोनाविरुद्ध खोप लिइसकेका र दोस्रो चरणमा ज्येष्ठ नागरिक, सर्वसाधारण खोप दिइने खोप इन्चार्ज अनिल सिंहले बताए । उनले दोस्रो चरणको खोप अभियान ९ दिनसम्म हुने र २५ हजार खोप पर्साका सर्वसाधारणले पाउने योजना अनुसार अगाडि बढेको बताए ।

पर्सामा दुई भाग गरेर फागुन २३ गतेदेखि २७ गतेसम्म पर्सागढी, सखुवाप्रसौनी, पटेर्वासुगौली, जगरनाथपुर, जीराभवानी, ठोरी, पोखरिया गरी सातवटा पालिकामा करीब १८ हजार खोप दिने योजना अनुरूप अभियान शुरू हुने बताए। बाँकी अन्य सातवटा स्थानीय तहमा फागुन २८ गतेदेखि चैत २ गतेसम्म १७ हजारजनालाई खोप दिइने उनले बताए। लक्षित वर्ग, ६५ वर्षभन्दा माथिका व्यक्तिहरूलाई खोप दिनको लागि पर्सा जिल्लाभरि ३७ वटा खोप केन्द्र सञ्चालनमा ल्याउने बताए । प्रत्येक वडामा रहेका स्वास्थ्य केन्द्र तथा नियमित खोप दिने स्थानबाट कोरोनाविरुद्धको खोप लगाउन सकिने इन्चार्ज सिंहले जनाए। दुईटै अभियानमा ४ सय जनशक्ति परिचालन गर्ने योजना अनुसार स्वास्थ्य कार्यालय पर्सा अघि बढेको उनको भनाइ थियो । अहिलेसम्म नारायणी अस्पतालबाट खोप दिँदै आएको र कुल ९ हजार ६ सय १ जनाले खोप लिएको उनले बताए ।

खोप लिएपछि सामान्य लक्षणबाट नआत्तिन स्वास्थ्य कार्यालयका प्रमुख कामेश्वर चौरसियाले बताए । ज्वरो आउने, बान्ता हुने, शरीर कमजोर हुने लक्षण सामान्य भएकोले नआत्तिन उनले आग्रह गरे। खोप केन्द्रहरूमा पोखरिया, भिखमपुर, बागेश्वरी तित्रौनालगायत अन्य स्थानबाट चिकित्सकहरूको टोली खटिने उनले बताए।



अभिमुखीकरण गोष्ठीमा सहभागीहरू । तस्वीरः प्रतीक

# महिलाहरूलाई आर्थिकरूपमा सबल बनाउनुपर्छ –नगरप्रमुख सरावगी

प्रस, वीरगंज, २३ फागुन/




तस्वीरः सौजन्य

वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले महिलाहरूलाई आर्थिकरूपमा सबल बनाउनुपर्ने र त्यसका लागि सीपमूलक रोजगारको व्यवस्था गर्नुपर्ने बताए ।

वीरगंज महानगर, दिव्य युवा क्लब, युवालय, नेपाल ग्रामीण पुनर्निर्माण संस्थालगायतले विपी उद्यानमा आयोजना गरेको १११औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा आयोजित कार्यक्रममा बोल्दै नगरप्रमुख सरावगीले महानगरपालिकाले महिलाहरूलाई लक्षित गरेर सिलाइकटाइ, ब्युटिसियन, मन्टेश्वरी शिक्षालगायतका सीपमूलक तालीम आयोजना गरेको र त्यसबाट उनीहरू आत्मनिर्भर भई आयआर्जन गर्न सक्ने दाबी गरे ।

उपप्रमुख शान्ति कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा पत्रकार महासङ्घ, पर्साका अध्यक्ष श्याम बन्जारा, सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्का, वडाध्यक्ष जगतसाह कानूलगायतले मन्तव्य व्यक्त गरेका थिए।

यसैबीच, सामाजिक विकास शाखाको आयोजनामा दिवसको अवसरमा आयोजित चम्चा दौड प्रतियोगितामा अनिल सहनी प्रथम, हुकुम सिंह द्वितीय र अमृता सहनी तृतीय भएका थिए । त्यस्तै, साङ्गीतिक कुर्सी प्रतियोगितामा शशिलता गिरी प्रथम, निकिता भट्टराई द्वितीय र कोपिला कुँवर तृतीय भएका थिए ।

कपाल बाट्ने प्रतियोगितामा अरविन्द सिंह प्रथम, मुकेश गुप्ता द्वितीय र शम्भु साह तृतीय भएका थिए। प्रतियोगिताका विजयीहरूलाई नगरप्रमुख सरावगीले पुरस्कृत गरेका थिए ।

# अमलेखगञ्जबाट लोथरसम्म पेट्रोलियम पाइपलाइनको अध्ययन सकियो

प्रस, बारा, २३ फागुन/

बाराको अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पेट्रोलियम पमाइपलाइन निर्माण गर्नका लागि विस्तृत अध्ययन सम्पन्न भएको छ । सो अध्यायनको प्राविधिक प्रतिवेदन आपूर्ति मन्त्रालयमा बुझाइएको सर्वे टोलीले जनाएको छ ।

अध्ययन टोलीले बाराको अमलेखगञ्ज देखि मकवानपुर हुँदै चितवनको लोथरसम्म पेट्रोलियम पाइपलाइनलाई जडान गर्न नक्साङ्कन, लाग्ने खर्च, निर्माण गर्न लाग्ने समय समेत प्रतिवेदनमा उल्लेख गरेको नेपाल आयल निगमका प्रवक्ता विनितमणि उपाध्यायले बताएका छन् ।

करिब ६९ किलोमिटर दूरी रहेको सो क्षेत्रमा पाइपलाइन निर्माण गर्न करीब रु १३ अर्ब खर्च हुने अनुमान गरिएको छ। योजना अन्तर्गत लोथरमा पेट्रोलियम पदार्थ भण्डारण गर्न एक लाख किलोलिटर क्षमता भएको अत्याधुनिक पेट्रोल ट्याङ्की निर्माण गरिने कुरा प्रतिवेदनमा उल्लख छ ।

भारत, मोतिहारीदेखि अमलेखगञ्जसम्म सञ्चालनमा रहेका पेट्रोलियम पाइपलाइनमै पाइप जोडेर लोथरसम्म विस्तार गरिने हो। यसको लागि नेपाल तथा भारत सरकारबीचमा सहमति भइसकेको छ । प्राबिधिक टोलीले बुझाएको प्रतिवेदन माथि मन्त्रालयमा छलफल भएपछि बाँकी प्रकृया अगाडि बढ्ने छ ।

विगत एक वर्षदेखि भारतको मोतिहारीबाट पाइपलाइनमार्फत् बाराको अमलेखगञ्जसम्म डिजल आइरहेको छ। अबको एक वर्षभित्र सोही पाइपलाईमार्फत् पेट्रोल पनि ल्याउने तयारी छ । उक्त योजना अन्तर्गत भारतीय आयल कर्पोरेसन लिमिटेडले भारतको मोतिहारीमा भर्टिकल ट्याङ्की निर्माण गर्ने काम शुरू गरेको छ ।

अमलेखगञ्जस्थित नेपाल आयल निगमको कार्यालयमा पनि पेट्रोल आपूर्तिका लागि आवश्यक पूर्वाधारको काम अगाडि बढाइएको जनाएको छ । मोतिहारीदेखि रक्सौल–अमलेखगञ्जसम्म नेपाल भारत अन्तरदेशीय पेट्रोलियम पाइपलाइनबाट अहिले डिजेल आउने गरेको छ ।

अमलेखगञ्जदेखि लोथरसम्म पेट्रोलियम पाइपलाइन विस्तार भई सञ्चालनमा आएपछि पश्चिमी तथा उत्तरी नेपालमा पेट्रोलियम पदार्थको अभाव समाप्त हुने आयल निगमको विश्वास छ । पाइपलाइन सञ्चलनमा आएपछि निगमलाई वार्षिक रु डेढ अर्ब बचत हुने निगमको दाबि छ ।




# सिम्रौनगढमा ज्येष्ठ नागरिकलाई खोप

प्रस, सिम्रौनगढ, २३ फागुन/

६५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई आइतवारदेखि सिम्रौनगढ नगरपालिकाको स्वास्थ्यचौकीमा कोभिड–१९ विरुद्धको खोप अभियान शुरू भएको छ।

सिम्रौनगढ नपा ६ र ७ को खोपकेन्द्रमा ज्येष्ठ नागरिकहरूलाई स्वास्थ्यकर्मी अरुण यादव र निर्मला ठाकुरले खोप लगाएका थिए ।

खोप अभियानमा सोनी कर्ण, अर्चना कुशवाहा, उषा गुप्ता, बबिता कर्ण, राधिका देवी, राधिका कुशवाहालगायतले सहयोग गरिरहेको सिम्रौनगढ स्वास्थ्य चौकीका इन्चार्ज मनु यादवले जानकारी गराए ।



तस्वीरः प्रतीक

जीवनमा दुःखद कुरा यही हो कि हामी चाँडै ठूलो हुन्छौं तर समझदार अबेरले बन्छौं ।

- विचारसार र सूक्तिहरू

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
online: eprateekdaily.com

# विद्युत्मा स्मार्ट सेवा

नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र वीरगंजमा एकीकृत 'स्मार्ट कक्ष' शुरू भएको छ। उक्त कक्षमा प्राधिकरणका सेवाग्राहीले शुल्क बुझाउनेबाहेक सबै प्रकारका सेवा एकै थलोबाट उपलब्ध गराउने बताइएको छ। उक्त कक्षले वितरण केन्द्रमा सेवाग्राहीलाई कम समयमा चुस्तदुरुस्त, सहज र पारदर्शी किसिमले सेवा प्रदान गर्न सहयोग पुर्‍याउने लक्ष्य हो। विद्युत् सेवाबारे जानकारी दिने, मिटर लिने, मिटर परिवर्तन गर्ने, नामसारी, ठाउँ सारीलगायतका प्रक्रियामा विभिन्न फाँट चहार्दा सेवाग्राहीलाई समस्या भइरहेकाले अब ती सबै काम एउटै शाखाबाट सम्पन्न हुने र उक्त शाखाबाट अर्को शाखामा जानै पर्ने भएपनि सोही शाखाका कर्मचारीले फाइल आफैं लगिदिने व्यवस्था गरिएको छ।

कुनै पनि समस्या समाधानका लागि कैयन उपाय तथा विकल्पहरू हुन्छन्। मानवले विकास गरेका अत्याधुनिक उपकरण तथा प्रणालीले अप्ठ्यारा कामलाई सहज बनाइदिएको छ। प्रतिस्पर्धाको बजारमा आफ्ना ग्राहकलाई सहज होस् भन्ने उद्देश्यले सरकारी तथा गैरसरकारी सेवा प्रदायक सङ्घ/संस्था एवं कार्यालयहरू लागिपरेका र सेवा परिष्कृत गर्दै अगाडि बढिरहेका छन्। तर हाम्रो मुलुकका सेवाप्रदायक सरकारी कार्यालयहरूमा भने अलि फरक छ। सेवाग्राहीको नाममा विभिन्न कार्यक्रम ल्याइन्छ। उपकरण खरीद, जडान तथा स्थापना एवं उद्घाटन गर्ने र सञ्चालनसम्बन्धी तालीम प्रशिक्षण दिंदा कैयन रुपैयाँ खर्च भएका हुन्छन्। त्यसको दीर्घकालीन प्रयोग भने गरिंदैन। सेवाप्रदायक कार्यालयका कर्मचारीहरू सेवाग्राहीलाई सहज होस् भन्ने कुरा सकभर सोच्न पनि चाहँदैनन्। सेवाग्राहीले सेवा लिने क्रममा जति दुःख पायो, त्यति नै आत्तिने हो। यसरी आत्तिएका सेवाग्राहीहरू अन्ततः कर्मचारीको शरणमा पुग्छन्। अनि आफ्ना काम गराउन ठेक्का दिन्छन्। यति भए तल्लो तहको कर्मचारीदेखि माथिल्लो तहको हाकिमसम्म मोटाउन पाइन्छ। यस कारण सहजतका लागि सेवा केन्द्रमा स्थपीत उपकरण तथा प्रणालीलाई कर्मचारीहरू निरन्तरता दिन चाहँदैनन्।

विद्युत् प्राधिरकण वीरगंज वितरण केन्द्रकै कुरा गरौं, शुल्क असुली काउण्टरमा टोकन प्रणाली थियो। सेवाग्रहीहरू आफ्नो पालो नआएसम्म चौतारोमा आरमसाथ बसीरहेका हुन्थे। यो प्रणालीको उपकरण विगारियो र बनाउने प्रयास भएन। त्यहाँ अहिले शुल्क तिर्नेको लाम छ। कोभिड १९ को महामारीमा समेत सेवाग्राहीहरू शुल्क तिर्नलाई ठेलमठेल गरेर उभिएका थिए। प्राधिकरणमा सोधपूछ नम्बरको व्यवस्था गरिएको छ। तर त्यो नम्बर विरलै उठ्छ। त्यसैगरी प्राधिकरणमा यसअघि पनि सोधपूछ कक्ष नभएको होइन तर चाहिएको बेला त्यहाँ कर्मचारी नै रहँदैनन्। अन्य सरकारी सेवाप्रदाय कार्यालयहरूको हाल पनि प्राय उस्तै छ। मालपोत, नापी, जिल्ला प्रशासनलगायतकामा एउटा बेन्चको फाइल अर्को बेन्चमा पुग्न त्यहाँका कर्मचारीको तजविजमा भर पर्छ। 'उसको मुड कुन बेला, कसरी खुशी हुने र आफ्नो काम निकाल्ने' भन्ने ध्याउनन्नमा सेवाग्रही हुन्छन्। प्रधिकरणको स्मार्ट कक्षमा पनि भोलि उपभोक्ताको कामको फाइल बढ्दै गएपछि फाँटवालाको तजविज शुरू नहोला भन्न सकिन्न। सेवालाई जनमुखी बनाउन प्रणाली मात्रै थपेर हुँदैन। त्यसलाई सञ्चालन गर्ने कार्यालय र कर्मचारीमा इमान्दारिता नभइ नहुने कुरा हो। नत्र हिजोका टोकन प्रणाली र आजको स्मार्ट कक्षको हाल एकै हुने छ।

# शिक्षामा जवाफदेहिताको खाँचो

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**कानूनले सामुदायिक शिक्षालाई राम्रो बनाउने ठाउँमा सरकारी निकायलाई दिग्भ्रमित गर्ने प्रयास गरेको छ। देशभरि शिक्षाको अधिकार कार्यान्वयन हुने कुरामाथि ध्यान पुर्‍याउँदा यी कुराहरू स्वतः छर्लङ्ग हुन्छन्।**

हाम्रो देशको शिक्षामा जवाफदेहिताको खाँचो आज एउटा महत्त्वपूर्ण सरोकारको विषय बनेको छ। सरोकारको विषय के हो भने यस शैक्षिक व्यवस्थाको जवाफदेहिता कसप्रति रहेको छ। शिक्षा व्यवस्थासँग यहाँ मेरो आशय शिक्षाको सम्पूर्ण गतिविधिलाई नियन्त्रण, निर्देशन र कार्यान्वयन गर्ने निकायसँग रहेको छ। यस व्यवस्थाका अङ्ग शिक्षक, शिक्षा अधिकारी, शिक्षा निर्देशक, परीक्षा नियन्त्रक, शिक्षा मन्त्रालय, शिक्षामन्त्री र विभागीय कर्मचारीहरू हुन्। यहाँ "व्यवस्था" शब्दले केही नियम-कानूनतर्फ सङ्केत गर्छ। अर्थात् शिक्षाको क्षेत्रमा जुनसुकै निर्णय लिंदा त्यो नियम र कानून सम्मत हुनुपर्छ। आआफ्नो मनोमानी ढङ्गले शिक्षा क्षेत्रमा कसैले कुनै पनि निर्णय लिन सक्दैन। सँगसँगै नेपाल एउटा लोकतान्त्रिक गणतन्त्रात्मक देश भएको हुनाले लोकतन्त्रको निहितार्थको रूपमा समस्त व्यवस्थाहरू जनमुखी हुनुपर्छ। अर्थात् निर्णयको समस्त प्रक्रियामा जनताको प्रत्यक्ष सहभागिता भएकै हुनुपर्छ। यहाँ भन्न के खोजिएको हो भने जनताको लागि निर्मित यो लोकतान्त्रिक व्यवस्था अन्ततोगत्वा जनताप्रति नै जवाफदेही हुनुपर्छ। यस व्यवस्थामा शिक्षाको विकासका लागि सामुदायिक, संस्थागत र मदर्सा गरी तीन खाले विद्यालय सञ्चालनमा रहेका छन्। यदि सही भन्ने हो भने हाम्रो देशमा हालसम्म कुनै पनि यस्तो व्यवस्था बनेको नै छैन, जो जनताप्रति पूर्णरूपले जवाफदेह र इमानदार रहेको होस्।

यदि हामीकहाँको वर्तमान शिक्षा संरचनालाई हेर्ने हो भने यसमा अलिकति फेरबदल वा प्रत्येक वर्ष नारामा परिवर्तनबाहेक कुनै ठोस उपलब्धिमूलक परिवर्तन भएको देखा पर्दैन। यस संरचनामा शिक्षक पहिला पनि सबैभन्दा तल्लो तहमा रहेको थियो र आज पनि त्यहीं रहेको छ। यस संरचनामा जवाफदेहिता उर्ध्वमुखी छ अर्थात् तल्लो तहबाट माथिल्लो तहतर्फ बढेको देखिन्छ। अर्थात् शिक्षक शिक्षा अधिकारीप्रति, शिक्षा अधिकारी निर्देशकप्रति र वर्तमान लोकतान्त्रिक संरचनामा निर्देशक शिक्षामन्त्रीप्रति जवाफदेह रहेको छ। सत्य त के हो भने जवाफदेहिताको यस परम्परागत संरचनामा कसैले पनि आफूलाई जनताप्रति जवाफदेह मान्दैनन्। हुनत हाम्रो देशको लोकतान्त्रिक प्रणाली अनुसार निर्णय प्रक्रियालाई जनमुखी बनाउने अनेकौं देखावटी बहस र प्रयासहरू नभएका होइनन् तर हालसम्म सफलता हासिल हुन सकेको छैन। जनसहभागितालाई सुनिश्चित गर्न जनताको सीमित भागीदारी साथ विद्यालयस्तरसम्म व्यवस्थापन समितिको गठन भएको देखिन्छ तर निर्णय प्रक्रिया विकेन्द्रीकृत हुनुको साटो केन्द्रीकृत नै रहेको छ।

हालसम्म शिक्षा व्यवस्थासँगको अनुभवले के देखाएको छ भने सही अर्थमा यस व्यवस्थालाई जनमुखी र लोकतान्त्रिक बनाउन सघन प्रयासको खाँचो छ। यस शिक्षा व्यवस्थामा एकातर्फ सामुदायिक विद्यालय छ भने अर्कोतर्फ संस्थागत विद्यालय। समस्या तीनवटै अर्थात् सामुदायिक, संस्थागत र धार्मिकरूपमा सञ्चालित मदर्सामा समेत देखा पर्छ। सामुदायिक विद्यालयमा जुन बेला जनताले विषय अनुसारको शिक्षक वा विद्यार्थीको अनुपातमा शिक्षकहरू कम छन्, गुणस्तरीय शिक्षाका लागि सोको पूर्ति हुनुपर्छ भन्ने कुरा उठाउँछ भने त्यस बेला उनीहरूको आवाजलाई सम्पूर्ण शिक्षातन्त्रले नसुनेको जस्तो वा बुझ पचाएको जस्तो गर्न थाल्छ। शिक्षा अधिकारी वा शिक्षा कार्यालय यस कुरामा आफ्नो या त असमर्थता जाहेर गर्छ वा केही बोल्दैन। वास्तविकता त के हो भने दरबन्दी मिलान वा पदपूर्तिको नाउँमा लाखौंको चलखेल हुने गरेको जगजाहेर छ। सदरमुकामका विद्यालयहरूमा शिक्षक र विद्यार्थीको अनुपात केही हदसम्म ठीक देखिए तापनि जसरी-जसरी सदरमुकामदेखिको दूरी बढ्दै जान्छ, यो अनुपात पनि घट्दै जान्छ। शिक्षाको अधिकारसम्बन्धी कानूनमा राम्रा-राम्रा कुरा लेखिए तापनि व्यवहारमा त्यो अक्षरशः लागू भएको देखिंदैन। परिणामतः शिक्षकहरूको आन्दोलन चलि नै रहन्छ र विद्यालयमा राजनीतिक चलखेल भइ नै रहन्छ। यी सबैका प्रमुख कारण अधिकारीहरूको निहित स्वार्थ र अस्थिर राजनीति रहेको छ।

संस्थागत विद्यालयहरूको बेग्लै कथा रहेको छ। पहिलो कुरा त के हो भने संस्थागत विद्यालयहरू समान श्रेणीका छैनन्। अनुभव त के रहेको छ भने ठूला विद्यालयहरू आफूलाई सरकारी नियन्त्रणबाट बाहिर रहेको ठान्छन्। उनीहरू जिल्लास्तरीय अधिकारीहरूको वास्ता नै गर्दैनन् र जिल्ला शिक्षा अधिकारीले पनि उनीहरूलाई आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर नै रहेको मानेर हिंड्छन्। ससाना विद्यालयहरूमा शिक्षा अधिकारी वा शिक्षा कार्यालयका पदाधिकारीहरूको चलखेल सजिलो भएको छ र संस्थागत विद्यालय निर्देशिकाको मारमा यस्ता विद्यालयहरू नै बढी परेका छन् किनभने यस्ता विद्यालयहरूबाट उनीहरूलाई कुनै पनि प्रकारको प्रतिरोधको सामना गर्नुपर्दैन। एकातर्फ राज्यले दिएको छुटको गलत प्रयोग गर्नमा संस्थागत विद्यालयहरू पछि पर्दैनन् भने अर्कोतर्फ उनीहरूले गर्ने क्रियाकलापप्रति गरिएको शिकायत ठीक वा बेठीक रहेको ठोस जाँच गरी गलत भए सुधारको निर्देशन कहीं कतैबाट प्राप्त हुँदैन मात्र "कारबाही" हुन्छ भन्ने आश्वासन बाँडिन्छ तर आजसम्म कुनै कारबाही कार्यान्वयन भएको देखिएको छैन।

पछिल्लो एक दशकमा सरकारी नीति र नवउदारवादी अर्थव्यवस्थाले लोकहित परित्याग गर्दै यस्तो अवधारणा विकसित गरेको छ, जसले वर्गविशेषको हितलाई सघाउ पुर्‍याइरहेको छ। आम जनताको भविष्य र खुशियालीसँग जोडिएको शिक्षा व्यवस्थाको निजीकरण चरमोत्कर्षमा रहेको छ। सामुदायिक विद्यालयहरूको दुर्दशा र त्यहाँ हुने राजनीतिक चलखेलले गर्दा शिक्षा जस्तो आम सरोकारको विषय बजारमा किनबेचको वस्तु बनेको छ। जसले जस्तो खर्च गर्छ, उसले त्यस्तै शिक्षा पाउँछ। यस अर्थमा समाजमा समानताको दुहाइ दिने राजनीतिक दल स्वयम् यसका लागि जिम्मेवार रहेका छन्। यसरी शिक्षा एकीकृत व्यवसायमा परिवर्तन भएको छ। अनियन्त्रित बजारवादी व्यवस्थामा अनुमतिबेगर सञ्चालित विद्यालयहरूले "प्रतिस्पर्धाको गुणस्तरीयता" र "उपभोक्ताको गुणस्तरीयतामाथि नियन्त्रण" जस्ता सिद्धान्तलाई बेकार साबित गरेको छ। यस परिवेशमा के शैक्षिक गुणस्तरीयताको आस गर्न सकिन्छ ?

नेपाली जनतामा राजनीतिप्रतिको मोहभङ्ग हुन थालेको र राजनीतिक चेतनामा परिवर्तन हुन थालेको छ। यस अर्थमा शान्त जलमा बिस्तारै लहर उठ्न थालेको अनुभव हुन थालेको छ। शिक्षाविद् र बुद्धिजीवीहरूले आम सरोकारका विषय रहेको शिक्षा सन्दर्भमा आआफ्नो तहबाट ठोस बहसको थालनी गर्नुपर्ने खाँचो रहेको छ। शिक्षालाई जनताप्रति जवाफदेह बनाउनको लागि सबै एकमत भई सक्रिय भूमिका निर्वाह गर्नुपर्छ। कानूनले सामुदायिक शिक्षालाई राम्रो बनाउने ठाउँमा सरकारी निकायलाई दिग्भ्रमित गर्ने प्रयास गरेको छ। देशभरि शिक्षाको अधिकार कार्यान्वयन हुने कुरामाथि ध्यान पुर्‍याउँदा यी कुराहरू स्वतः छर्लङ्ग हुन्छन्। वर्तमानमा सरकारी मेशिनरीले आफ्नो सम्पूर्ण ध्यान संस्थागत विद्यालयमा छात्रवृत्तितर्फको आरक्षण सुनिश्चित गर्नमा लगाएको कुराले पनि यस कुरालाई प्रस्ट पार्छ।

अनुभवले के देखाएको छ भने शिक्षा व्यवस्थाको अधीनमा सबै सामुदायिक, संस्थागत विद्यालय र मदर्सा रहेको भए तापनि संस्थागत विद्यालयहरूमा सरकारको नियन्त्रण शून्य बराबर रहेको छ भने मदर्सा शिक्षामा सुधारका लागि कुनै ठोस प्रयास भएको छैन। यो यस कारणले प्रतीत हुन्छ किनभने संस्थागत विद्यालयलाई हरेक क्षेत्रमा आफ्नो मनपरी गर्न खुल्ला छाडिएको छ। उनीहरूले कति शुल्क निर्धारण गर्छन्, अभिभावक-शिक्षक सङ्घ बनाउँछन् वा बनाउँदैनन्, कस्ता पाठ्यपुस्तक चलाउँछन्, पोशाकका लागि कुन पसल तोकेका छन्, केटाकेटीहरूसँग कस्तो व्यवहार गर्छन् जस्ता जनसरोकारका विषयमाथि उनीहरू पूर्णतया नियन्त्रणमुक्त छन्। यस कारण अभिभावकहरू पनि लाचार छन्। शिक्षाको अधिकार अन्तर्गतका यी कुराहरूमाथि कुनै कारबाही भएको देखिंदैन। यस परिप्रेक्ष्यमा "के हामीकहाँ कुनै शैक्षिक व्यवस्था छ" भन्ने प्रश्न उठ्न थालेको छ। लोकतन्त्रले संस्थागत विद्यालय खोल्ने छुट दिएको छ तर के यो छुट अनियन्त्रित हुनुपर्छ ? यदि "हो" भने लोकतन्त्रमा सरकार र व्यवस्थाको के काम ? यस व्यवस्थालाई जनमुखी र लोकतान्त्रिक बनाउनका लागि गम्भीर प्रयासको खाँचो रहेको कुरालाई कसैले गलत भन्दैन तर के यो सरकारी हस्तक्षेपबेगर सम्भव छ ? के लोकतान्त्रिक व्यवस्थामा यसतर्फ कुनै ठोस काम होस् भन्ने अपेक्षा राख्नु के अनुचित हो ?

# खोपको पहिलो खेप आइपुग्यो

काठमाडौं, २३ फागुन/रासस

कोभ्याक्स सुविधा अन्तर्गत प्राप्त हुने कोभिड-१९ विरुद्धको खोपको पहिलो खेप सरकारले प्राप्त गरेको छ।

विभिन्न देशका सरकार, अन्तर्राष्ट्रिय संस्था तथा निजी क्षेत्रको सहयोगमा संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) र विश्व स्वास्थ्य सङ्गठनको समन्वयमा कोभ्याक्स सुविधाको खोप सरकारलाई आइतवार प्राप्त भएको हो।

कोभ्याक्सले नेपाललाई प्रदान गर्ने १९ लाख २० हजार मात्रा खोपमध्ये पहिलो चरणमा आज सेरम इन्स्टिच्युट अफ इन्डियाले उत्पादन गरेका तीन लाख ४८ हजार मात्रा अस्ट्राजेनिका खोपका साथै तीन लाख ५० हजार थान सिरिन्ज र तीन हजार पाँच सय थान सुरक्षित खोप बाकस स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री हृद्येश त्रिपाठीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आजै हस्तान्तरण गरिएको छ। कोभ्याक्सका प्राविधिक एवं आर्थिक साझेदारका प्रतिनिधिहरूको उपस्थितिमा खोप हस्तान्तरण गरिएको हो। कोभ्याक्स सुविधाका लागि अस्ट्रेलिया, फिनल्यान्ड, फ्रान्स, जर्मनी, जापान, कोरिया, नर्वे, कतार, साउदी अरेबिया, स्वीट्जरल्यान्ड, बेलायत, अमेरिका तथा युरोपेली आयोगका साथै विभिन्न सामाजिक संस्था तथा व्यापारिक प्रतिष्ठानहरूले सहयोग गरेका छन्।

# धन्यवाद झकझकाइदिएकोमा

पाठक प्रतिक्रिया

२१ गते प्रतीकमा विश्वराज अधिकारीको लेख 'बेरोजगारीको लागि हाम्रो शिक्षा नीति दोषी छ' पढें। यसमा कुनै दुई मत छैन कि बेरोजगारीको लागि हाम्रो शिक्षा नीति, सोच र व्यवहार दोषी छन्। तर हामीलाई यो शिक्षा नीति पनि तपाईंले बखान गरेको युरोपले नै दिएर गएको हो। हाम्रो रैथाने शिक्षा मासेर मैकालेको क्लर्कको फौज तयार पार्ने शिक्षा नीति दिएर गए। तर आफूकहाँ त्यसको नामोनिशान पनि रहन दिएनन्। हो, हाम्रो कमजोरी यो हो कि हामीले त्यसलाई नबदलेर अहिलेसम्म बोकी हिडिरहेका छौं। यसमा लेखकले भने अनुसारका सुधार आवश्यक छ। विद्यालयमा शिक्षक र विद्यार्थी दुवैले राजनीतिमा लाग्ने कुरा मलाई पनि उचित लाग्दैन। तर त्यस्तो हुनु यहाँको विवशता पनि होला। भारत गुलाम रह्यो, नेपालमा राणाको क्रुरता। भारतमा स्वयम् महात्मा गाँधीले त्यसको विरुद्ध विद्यार्थीलाई आह्वान गर्नुपरेको थियो। अब त्यहाँका विद्यार्थीहरूको राजनीतिबाट टाढा बस्ने सिलसिला शुरू भइसकेको छ। हाम्रोमा त भारतको स्थिति पनि आउन सकेको छैन। विपीले शुरू गरेको तरुण दल र नेविसङ्घ बोक्नु हाम्रो नियति बनिसकेको छ। तापनि हजुरले अमेरिका गएको कति भयो ? मलाई थाहा छैन। यसबीच यहाँ पनि साना-ठूला रोजगार दिन सक्ने शिक्षा शुरू भइसकेको छ। अहेब, सिअहेब, ल्याब टेक्निसियन, रेडियोग्राफर, चिकित्सक, इन्जिनीयर, पोलिटेक्निक, कृषि संस्थान आदि इत्यादि थुप्रै प्राविधिक शिक्षालय छन्। त्यसैले त एउटाको लागि हजारौं निवेदनको डङ्गुर लाग्छ। तर यसको कारण यहाँको जनसङ्ख्याको वृद्धि पनि हो। एक त सरकारसँग रोजगारको कुनै रोडम्याप छैन र त्यसमाथि जनसङ्ख्याको बढ्दो चाप। सोच्नुस् त क्यानडा र भारत वा नेपालको बारेमा। क्यानडाको क्षेत्रफल भारतभन्दा तीन गुणा बढी छ तर जनसङ्ख्या केवल दिल्लीको बराबर। त्यहाँ त निवेदक आइदिए पनि धन्य मानिन्छ होला। यहाँ निवेदनको डङ्गुर नलाग्ने कुरै आउँदैन। हो सोच र व्यवहार बिल्कुल तपाईंले भने अनुसार नै छ- 'एक त गिरल गाछीपर से उपरसे लागल मुअडी।' एक त सरकारले रोजगार दिन सकेको छैन, त्यसमाथि 'का बबुआ हमर हर चलाई ?'को मुअडी तयार छ बज्नको लागि। यस मानसिकताबाट बाहिर निस्कनै पर्छ। धन्यवाद धेरै नेपालीको सोचमाथि हण्डर चलाएर झकझकाइदिएकोमा।

डा शिवशङ्कर यादव, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# गति लिंदै हुलाकी राजमार्ग

काठमाडौं, २३ फागुन/रासस

गत वर्ष कोभिड–१९ का कारण निर्माण अघि बढ्न नसकेको हुलाकी राजमार्गको कामले गति लिएको छ। चालू आवको दोस्रो चौमासिकमा छुट्याइएको रकम सकिएर थप रकमका लागि माग समेत गरिएको छ।

हुलाकी राजमार्ग आयोजना निर्देशनालयले चालू आर्थिक वर्षमा २०० किमी सडक कालोपत्रको लक्ष्य लिइएकामा हालसम्म ११७ किमी कालोपत्र भएको जनाएको छ।

लक्ष्य र यसअनुसार बजेट माग गरिएकामा बजेट घटाएकाले बजेट अपुग भएको निर्देशनालयका प्रमुख रोहितकुमार बिसुरालले जानकारी दिए। आयोजनाको हालसम्म वित्तीय प्रगति साढे ५७ प्रतिशत



बिन्दवासिनीमा कालोपत्र भत्काइँदै
बहुअर्वाभाठा जाने बाटो। तस्वीर: प्रतीक

र भौतिक प्रगति साढे ५८ रहेको छ। लक्ष्य र पैसाको तालमेल नभएकाले थप बजेटको माग गरिएको उनको भनाइ छ। उनले भने, "बजेट घटाएर राखिएको भए पनि लक्ष्य संशोधन भएन।"

आयोजनामा निर्माणको काम भइरहे पनि निकासा हुन बाँकी रहेको बताइएको छ। राष्ट्रिय गौरवको आयोजनामा सरकारले बजेट अभाव हुन नदिन आवश्यक बजेट विनियोजन गर्दै आएको छ। अर्थ मन्त्रालयको बजेट नियन्त्रण गरेर खर्च गर्न संयन्त्र छ। आयोजनागतरूपमा बजेट चौमासिक विभाजन हुन्छ। त्यो पैसाभित्र सरकारको बजेट यति र विदेशी लगानी यति भनेर छुट्याएर तोकिएको बजेट मात्रै खर्च गर्न पाउने व्यवस्था छ।

दोस्रो चौमासिकमा तेस्रो चौमासिकको बजेट खर्च गर्न नमिल्ने भएकाले थप बजेटको माग गरिएको आयोजनाले जनाएको छ। काम गर्ने निर्माण कम्पनीले रकम माग गरिसकेको आयोजनाले जनाएको छ।

कोभिड–१९ का कारण सो राजमार्ग निर्माण सुस्त रहेको प्रमुख बिसुरालले बताए। गत आवमा लक्ष्यभन्दा कम प्रगति हासिल भएको थियो। आयोजना आब २०७९/८० मा सम्पन्न गर्ने सरकारको लक्ष्य छ। सडक अहिले झन्डै ६०० किमी सडक कालोपत्र गर्न बाँकी छ। त्यो लक्ष्य पूरै सम्पन्न गर्न नसकिने देखिएको छ। कतिपय ठाउँमा कालोपत्र नभए पनि सडक आवश्यक नहुन सक्ने उनले बताए।

केही वर्षयता सडकको पूर्वाधार निर्माणमा बढी लगानी भएको आयोजनाले जनाएको छ। सडक कालोपत्र नहुँदा भौतिक प्रगति कम देखिएको भए पनि पूर्वाधारको काम भइरहेको उनले जानकारी दिए। कालोपत्र गर्न बाँकी झन्डै ६०० किमी ग्राभेल गर्नेलगायतका पूर्वाधार निर्माण सकिएको उनको भनाइ छ। उनले भने, "कालोपत्र गर्न बाँकी भए पनि अहिले पनि गाडि कुदाउन सजिलो भएको छ।"

सडकमा वन क्षेत्रमा सडक निर्माण गर्न नसकिएको आयोजनाले जनाएको छ। वन क्षेत्र र आरक्षण क्षेत्रमा वातावरण प्रभाव मूल्याङ्कन गर्नुपर्ने भएकाले निर्माण अघि बढाउन सजिलो नभएको प्रमुख बिसुरालले बताए। उनका अनुसार निर्माण व्यवसायी काम गर्न खोज्दा आफैंले निर्माणस्थल खाली गराउन नसकिएको छ।

राजमार्ग ११ मिटरदेखि २५ मिटरसम्म चौडाइ कायम गरिएको छ। कतिपय स्थानीयवासीले मुआब्जा माग गरिरहेको आयोजनाले जनाएको छ। भारतीय अनुदानमा बनेको सडकमा मुआवजा दिने गरिएको छ र नेपाली लगानीमा मुआवजा नदिइएको उनले बताए। सडक दुई लेनको गरिए पनि कित्ताकाट गरेर लिइएको छैन।

तराईका धेरै जिल्लामा सडक प्रयोगमा आइसकेका छन्। आयोजनाअन्तर्गत अधिकांश स्थानमा नयाँ ट्याङ्क खोल्नेभन्दा पहिले प्रयोगमा रहेको सडक राजमार्गका रूपमा स्तरोन्नतिको काम भइरहेको छ। निकुञ्ज क्षेत्र र जङ्गल क्षेत्रमा बाहेक अधिकांश स्थानमा सडक निर्माण अघि बढिरहेको आयोजनाले जनाएको छ। निकुञ्जको भित्री भाग र 'बफर जोन' मा समस्या रहेको बताइएको छ।

राजमार्गले तराईका धेरै बस्ती समेट्ने र भारतको सीमा क्षेत्रसम्म पुग्नेछ। कतै कालोपत्र त कतै ग्राभेल सडकका कारण अहिले नै यहाँका स्थानीयवासीलाई सहज हुन थालिसकेको छ। पहाडी क्षेत्रको पूर्वदेखि पश्चिमसम्म जाने मध्यपहाडी राजमार्गले ठाउँठाउँमा नयाँबस्ती निर्माण गर्ने भए पनि सो आयोजनाले पुराना बस्ती हुँदै अघि बढ्छ।

सो आयोजनाले विसं २०७० भन्दा

(बाँकी चौथो पातामा)

# माछा किसानले एग्रोभेटसँग क्षतिपूर्ति मागे

प्रस, सिराहा २३ फागुन/

एग्रोभेटले गलत औषधि दिएको र सोही औषधिका कारण पोखरीमा माछा मरेको आरोप लगाउँदै माछा किसानले क्षतिपूर्ती माग गरेका छन्।

सिराहाको मिर्चैया नगरपालिका–५ थानाचौकस्थित स्वस्तिका इनटरप्राइजेजले दिएको औषधिका कारण सिराहाकै कल्याणपुर नगरपालिका–१ बनिनियाँस्थित पोखरीको माछा मरेको माछापालक किसान अमरप्रसाद यादवको आरोप छ। औषधि विक्रेता एग्रोभेटबाट क्षतिपूर्ति पाउनु पर्ने माग गर्दै यादवले प्रहरीमा उजुरी दिएका छन्। फिस चुना भनेर इनटरप्राइजेजका सञ्चालकले सीयु सल्फ (कपर सल्फेट) र एउटा अक्सिलाइट (अक्सिजन) नामक दुईवटा औषधि प्रयोग किसानलाई दिएको र उक्त वस्तु पोखरीका प्रयोग गरेपछि सम्पूर्ण माछा मरेको किसान यादवको भनाई छ।

इन्टरप्राइजेजका सञ्चालक जय साहले माछाको सबै समस्या सामाधान हुने भन्दै सीयु सल्फ (कपर सल्फेट) र एउटा अक्सिलाइट (अक्सिजन) दिएको र त्यही औषधि प्रयोग गरेको २४ घण्टा नबित्दै माछा धमाधम मरेको यादवले बताए। करिब दुई पहिले मात्रै यादवले उक्त पोखरी रु आठ लाखमा तीन वर्षका लागि ठेक्का लिएका हुन्। ठेक्का लिएलगत्तै हालेको विभिन्न प्रजातिका लाखौं मूल्य बराबरका माछा सखाप भएको यादवले बताए। यससम्बन्धमा इनटरप्राइजेजका सञ्चालक साहले भने आफ्नो औषधिले माछा नमरेको जिकिर गरेका छन्।

# नेपाल कम्युनिष्ट पार्टी(नेकपा) पूर्वावस्थामा रहेको अदालतको ठहर

काठमाडौं, २३ फागुन/रासस

सर्वोच्च अदालतको 'नेपाल कम्युनिष्ट पार्टी' नामक दल ऋषिराम कट्टेलले नेतृत्व



तस्वीर: फाइल

गरेकै पार्टीको भएको फैसलापछि तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)पुरानै अवस्थामा फर्केका छन्। ती दलबीच २०७५ जेठ ३ गते एकता भए पनि निर्वाचन आयोगमा दल दर्ताका हिसाबले कानूनसङ्गत नभएको आदेश दिइएको छ।

न्यायाधीशद्वय बमकुमार श्रेष्ठ र कुमार रेग्मीको इजलासले आइतवार नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले आफ्नो दलसँग नाम जुधाएको जनाउँदै नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष ऋषिराम कट्टेलले दायर गरेको रिट निवेदनमाथिको सुनुवाइपछिको फैसलामा सो दल कट्टेलकै भएको फैसला गरेको हो। एकीकृत भएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) राजनीतिक दलसम्बन्धी ऐन विपरीत देखिँदा उत्प्रेषणको आदेशले बदर गर्ने फैसला अदालतले गरेको छ।

आदेशमा भनिएको छ,"निर्वाचन आयोगका यी दुवै निर्णय बदर भएपश्चात साविकमा निर्वाचन आयोगमा राजनीतिक दलका रूपमा दर्ता रहेका नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) अलगअलग राजनीतिक दलका रूपमा साविककै अवस्थामा कायम रहने हुँदा, अब यी दुवै राजनीतिक दलले एकीकरण गर्ने भएमा राजनीतिक दलसम्बन्धी ऐन तथा नियम विपरीत नहुने गरी निर्णय गरी अविलम्ब निर्वाचन आयोगमा उपस्थित हुन जानकारी दिई शीघ्र कानूनबमोजिम आवश्यक निर्णय गर्नू, गराउनू।"

फैसलामा आयोगमा दर्ता भइसकेका दलसँग नाम मिल्ने गरी नयाँ दल दर्ता गर्दा पनि निर्वाचन आयोगको २०७५ जेठ २३ को निर्णय र सो निर्णयलाई सदर गर्ने गरी २०७५ कात्तिक ९ गतेको निर्णय फैसला राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को नियम ९ मा भएको कानूनी व्यवस्थाविपरीत देखिंदा उत्प्रेषणको आदेशबाट बदर गरिएको उल्लेख छ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले आफ्नो दलसँग नाम जुधाएको भनी नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष कट्टेलले दायर गरेको रिट निवेदनको सुनुवाइ यही फागुन १३ गते सम्पन्न भएको थियो। अध्यक्ष कट्टेलले आयोगमा २०६९ मा नेपाल कम्युनिष्ट पार्टीका नाममा आफूले दल दर्ता गरेको तर तत्कालीन नेकपा(एमाले) र नेकपा(माओवादी केन्द्र)बीच २०७५


तस्वीर: फाइल

जेठ ३ गते एकता भएर नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का नाममा आयोगमा दल दर्ता भएको विरुद्ध रिट निवेदन दायर गरेका थिए।

अध्यक्ष कट्टेलले आयोगमा त्यसविरुद्ध उजुरी दिए पनि केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' अध्यक्ष रहेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का पक्षमा निर्णय गरेका थिए। उक्त निर्णयविरुद्ध अध्यक्ष कट्टेलले २०७५ साल मङ्सिर २१ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए।

फैसलामा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १० बमोजिम पहिले नै आयोगमा दल दर्ता भएका राजनीतिक दल एकीकरण गरी नयाँ दल निर्माण हुँदा सोही ऐनको दफा ६ को दल दर्ता हुन नसक्ने भनी ऐनमा व्यवस्था भएका प्रावधानको उल्लङ्घन गर्ने गरी दल दर्ता गर्न नमिल्ने उल्लेख छ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सङ्क्षिप्तमा नेकपा र नेपाल कम्युनिष्ट पार्टी सङ्क्षिप्तमा नेकपा एउटै नाम हो वा होइन भन्ने प्रश्नका सन्दर्भमा कोष्ठभित्र लेखिएको कुरामा सारभूत रूपमा भिन्नता नदेखिएको फैसलामा उल्लेख छ।

"नेपाल कम्युनिष्ट पार्टी (नेकपा) उल्लेख भएको देखिएबाट दुई पार्टीको नाम फरक परेको भन्ने नदेखिई एकआपसमा एउटै मिले भिडेको भन्ने नै देखिन्छ", फैसलामा भनिएको छ।

आयोगमा फरक नाम लिएर दल दर्ता गर्नसमेत फैसलामा भनिएको छ। कानूनी रूपमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भनिएको तत्कालीन एमाले र माओवादी केन्द्र पुरानै पार्टीका नाममा फर्किएका छन् र नेकपा अलगअलग पार्टी भएको ठहर भएको छ। सर्वोच्च अदालतको यो फैसलासँग दुई पार्टीको चिह्नको विवादसमेत अन्त्य हुने देखिएको छ।

# च्याउको बीउ बेचेर मासिक रु एक लाख आम्दानी

सर्लाही, २३ फागुन/रासस

सर्लाहीका एक युवकले च्याउको बीउ बेचेर मनग्य आम्दानी गरेका छ। वाग्मती नगरपालिका– १० का ध्रुवप्रसाद चौलागाईं वैदेशिक रोजगारबाट फर्केपछि च्याउको बीउ बेचेर मनग्य आम्दानी गरेका हो।

पाँचपटक वैदेशिक रोजगारीमा गएर फर्किएका वाग्मती नगरपालिका–१० शक्तरपुरका उनले कन्ने च्याउको बीउ बिक्रीबाट सम्पूर्ण खर्च कटाएर मासिक रु एक लाख आम्दानी गर्दै आएको जानकारी दिए।

तीन वर्षदेखि व्यावसायिक च्याउखेती गर्दै आएका उनले गत वर्षदेखि बीउ उत्पादन गर्न शुरू गरेका हो। दुई सय ५० ग्रामको दैनिक एक हजार प्याकेट बीउ उत्पादन गरिरहेको उनले बताए। उनका अनुसार यसअघि बीउ लिन हेटौंडा, काठमाडौं जस्ता ठूला शहरमा धाउनुपर्ने गरेको भए पनि अहिले त्यो समस्या समाधान भएको उनको भनाइ छ। अहिले वाग्मतीको शङ्करपुरमै बीउ उत्पादन भएपछि यस क्षेत्रका व्यावसायिक च्याउखेती गर्ने किसानलाई सजिलो भएको छ।

उनले करीब रु ५० लाखमा बीउ उत्पादन गर्ने उपकरण खरीद गरेका थियो। स्थानीय बजारमा च्याउको माग अत्यधिक रहेकाले च्याउ र बीउ बिक्री गर्न बजारको समस्या नभएको उनले बताए।

उनले प्रतिप्याकेट रु ४० मा स्थानीय किसान, सिन्धुली, रौतहट, महोत्तरीका किसान र कृषि ज्ञान केन्द्र सर्लाहीलगायत देशका विभिन्न ठाउँमा बीउ बिक्री गरिरहेको च्याउखेती र बीउ उत्पादन गर्न उनलाई पारिवारिक राम्रो सहयोग रहेको छ। उनले च्याउको बीउ उत्पादन गर्ने काममा तीन जनालाई रोजगारी दिएका छन्। यही व्यवसायको कमाइबाट चार कठ्ठा जग्गा खरीद गरेको बताए।

उनले ध्रुव कृषि फार्म दर्ता गरेर व्यावसायिकरूपमा च्याउको बीउ तथा च्याउ नै उत्पादन गरी बिक्रीवितरण शुरू गरेका हो। स्वदेशमै केही गरौं


तस्वीर: सौजन्य

भनेर २०७४ सालदेखि व्यावसायिक च्याउखेती शुरू गरेका उनले अहिले एक हजार ५०० पोका राख्नसक्ने क्षमताको टनेल र घरको तल्लो तलामा एक हजार पोका च्याउखेती गरिरहेका छन्। च्याउखेती विशेषत: जाडो मौसममा हुने गर्छ। बेमौसमी च्याउखेतीका लागि घरको दुई वटा कोठालाई चिसो बनाइराख्न वातानुकूलन उपकरण समेत जडान गरेका छन्।

**स्नातक उत्तीर्ण युवक व्यावसायिक भैंसीपालनमा**

एकजना अर्का युवकले भैंसीपालनबाट मनग्य आम्दानी गर्दै आएको छ। स्नातक पढाइ पूरा गरेर जागिर नखाइ बाउबाजेले गर्दै आएको पशुपालन पेशालाई अगाडि बढाउँदै आएका कविलासी नगरपालिका– १० सलेमपुरका रवीन्द्र यादवले गाउँमै कृषि फार्म खोलेर भैंसीपालनबाट मनग्य आम्दानी गर्दै आएका हुन्।

बाबुबाजेले गर्दै आएको कृषि पेशालाई नै अगाडि बढाउनुपर्छ भन्ने सोंच लिएर बिबिएको पढाइ सकेर आफूले करीब एक वर्ष पहिलाबाट रु २५ लाख बैंकबाट ऋण लिएर हिम अमृत कृषि फार्म दर्ता गराई भैंसीपालन व्यवसाय शुरू गरेको उनले बताए। एक वर्षदेखि सञ्चालन गर्दै आएको फार्ममा पालिएका भैंसीबाट उनले राम्रो आम्दानी गर्दै आएका छन्।

उनको कृषि फार्ममा अहिले ५० भैंसी, तीन राँगा, २५ वटा पाडापाडी र दुई गाई रहेका छन्। पच्चीस दुधालु भैंसी उनले फार्म मै राखेका छन् भने दूध दिन छाडेका २५ भैंसी गाउँकै स्थानीय किसानलाई पाल्न दिएको यादवको भनाइ छ। आफूले फार्ममा पालेका सबै पशुको पशु बीमासमेत गराइसकेको उनले बताए।

गाउँमा पाल्न दिएका भैंसी ब्याएपछि पालेबापत केही रकम दिएर पुन:फार्ममा फर्काएर ल्याउने गरेको उनको भनाइ छ। जिल्लाको नवलपुर–मलङ्गवा सडकखण्डअन्तर्गत पर्ने त्यस क्षेत्रको सुप्रसिद्ध चमेली माईको मन्दिर नजिक सडक छेउको आठ कठ्ठा जग्गामा सञ्चालन भइरहेको उक्त कृषि फार्ममा पालिएका भैंसीको आहारका लागि करीब साढे तीन बिघा जग्गा भाडामा लिएर घाँससमेत रोपेको उनको भनाइ छ।

प्रत्येक दिन एउटा भैंसीका लागि करीब ५० किलो आहारको आवश्यकतापर्ने गरेको उनले बताए। यसका लागि प्रतिभैंसी ३० किलो सुख्खा भुँसा, १५ किलो हरियो घाँस र पाँच किलो दाना मिसाएर खाना तयार पारिनछ।

फार्मबाट दैनिक २०० लिटर दूध उत्पादन हुने गरेको छ। कृषक यादवले कृषि फार्ममा उत्पादन भएको दूध बजारसम्म पुऱ्याउनका लागि फार्मसँगै डेरी पनि खोलेका छन्। उक्त डेरीमा आसपासका स्थानीय किसानले उत्पादन गरेको दूधसमेत सङ्कलन गरी दैनिक करीब ५०० लिटरभन्दा बढी दूध जिल्ला सदरमुकाम मलङ्गवालगायतका ठूला बजारमा पठाउने गरेको तर पनि बजारको मागअनुसार पुऱ्याउन नसकिएको उनले जानकारी दिए।

उनले कृषि फार्ममा दुई जना स्थानीय व्यक्तिलाई रोजगारीसमेत दिएका छन्। उनले अझै भैंसी थप्ने योजना रहेकोसमेत बताए। एक वर्ष पहिले करीब रु २५ लाख बैंकबाट ऋण लिएर शुरू गरेको व्यवसाय अहिले करीब रु एक करोड २५ लाख पुगिसकेको छ। दूध बिक्रीबाट राम्रो आम्दानी भइरहेकाले कृषि पेशाबाट आफू पूर्ण सन्तुष्ट रहेको यादवको भनाइ छ। युवाशक्ति सबै विदेश जानेक्रम चलिरहेका बेला उनी भने यस क्षेत्रका युवाका बीच गतिलो उदाहरण बनेका छन्।

पढेलेखेका युवालाई जागिर नपाएर वैदेशिक रोजगारीमा जानूभन्दा आफ्नै देशको भूमिमा रहेर कृषि क्षेत्रमा लाग्न उनको सुझाव छ। कृषिमा पशुपालन मात्र नभई व्यावसायिक तरकारी तथा फलफूल खेती, मत्स्यपालन, पोल्ट्री फार्म तथा कृषिसम्बन्धी अन्य विभिन्न क्षेत्रमा राम्रो सम्भावना रहेकाले आफूले गर्नसक्ने कुनै पनि एउटा व्यवसाय छनोट गरी त्यससम्बन्धी तालीम लिइ दक्षता हासिल गरेर अगाडि बढ्न उनले युवालाई सुझाव दिएका छन्। कृषि व्यवसाय सञ्चालन गर्न सरकारले किसानलाई सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउँदै आएको छ। बेलाबेलामा अनुदान दिने र ऋणको ब्याजमा समेत सहुलियत दिने गरेकाले कृषि पेशा अरू पेशाभन्दा सुरक्षित रहेको कृषक यादवको भनाइ छ।

# पानी रे पानी तेरा रङ्ग कैसा

जलस्रोतको धनी मुलुक हो नेपाल। पानीको समस्याले काकाकुल बनेका राजधानीवासीलाई प्रभावित पार्न २०४८ सालको आमनिर्वाचनमा काठमाडौं क्षेत्र नं १ का उम्मेदवार कृष्णप्रसाद भट्टराईले मेलम्चीको पानीले काठमाडौं पखाल्ने नारा लगाएका थिए। तर पनि भट्टराई त्यो निर्वाचनमा पराजित भए। यो घटनाको ३० वर्षपछि मेलम्चीको पानी बल्लतल्ल काठमाडौंको सुन्दरीजल आइपुगेको छ। अबको तीन महीनापछि राजधानीवासीले मेलम्चीको पानी उपभोग गर्न पाउने कुरा प्रधानमन्त्री ओलीले सगर्व बताए। अहिलेसम्म राजधानीवासी प्रदूषित पानी उपभोग गर्न बाध्य छन्। ट्याङ्करको पानी, जारको पानी, बोतलको पानी किनेर पिउने बाध्यता छ, राजधानीवासीलाई। यस्ता किनुवा र बोतलबन्द पानी खानयोग्य छ कि छैन यस्ता पानीको स्रोत के हो, कति भरपर्दो छ भन्ने कुनै प्रत्याभूति छैन। कुनै बेला ढुङ्गेधाराहरूबाट उपत्यकामा निरन्तर र कलकल गर्दै पानी बग्थे र काठमाडौं, ललितपुर र भक्तपुरका बासिन्दाले सदिऔंदेखि ढुङ्गेधाराकै सफा र निर्मल पानी थापेर गुजारा चलाउँथे। आधुनिक शहरको विकास, ठूलठूला भवन निर्माण, बढ्दो जनसङ्ख्याले गर्दा पानीको मुहान र स्रोत सागरलाई पानीको ठूलो समस्या पर्न थाल्यो। कुनै बेला काठमाडौंको सुन्धारा, बालाजुको बाइसे धारा र कतिपय मुहानहरूबाट चौबीसै घण्टा स्वच्छ पानी कलकल बगिरहन्थ्यो। अचेल नेपालका अधिकांश पानीका मुहान नदी, खोलाहरू प्रदूषित बनाइएका छन्। मरेका वस्तु फाल्ने, उद्योगको प्रदूषित पानी बगाउने, शहर बजारका फोहर बगाउने सुगम र सुरक्षित स्थानमा नदी, नाला र खोला परिणत भएका छन्। कतिपय नदीखोलाहरूको जमीन हडपेर बस्ती नै निर्माण भएका छन्। वीरगंजकै शान भनिने श्रीसिया नदीको हबिगत सबैलाई थाहै छ। यस्तै हेलचेक्र्याइँले गर्दा श्रीसिया नदी सानो नालामा खुम्चिएको छ। यदाकदा बेला कुबेला श्रीसिया नदीलाई पुरानै अवस्थामा फर्काउने कुरा उठाइन्छ र टाँय–टाँय फिस्स हुन्छ। चतुर उद्योगपतिहरूले समेत आफूलाई प्रदूषण फाल्न पायक पर्ने भएकाले नदीको छेउमा उद्योग स्थापना गर्दछन्। राजधानीको वाग्मती, विष्णुमती, कर्मनासा खोला, हनुमन्ते खोलासमेत अचेल प्रदूषणका वाहक र गन्हाउने नालामा परिणत भएका छन्। सरकारीस्तरमा वाग्मतीलाई स्वच्छ र निर्मल बनाउने कुरा भाषणमा सुनिन्छन्, करोडौं खर्च गर्छन् तर वाग्मतीको अवस्था दिनानुदिन दयनीय बन्दै गएको छ। हामीभन्दा त हाम्रा पुर्खाहरू नै पानीप्रति सचेत थिए। नदी, खोलाको छेउमा बस्ती बसाउने, नदीनाला सफा र सुरक्षित राख्ने गर्दथे। नदी, खोलामा विगतभन्दा अहिले फोहर प्रदूषित पार्ने खन्याउने गरिन्छ।

अहिले मेलम्चीको खानेपानी आउने कुरा जोडसोडले फलाकिंदै छ। तर तीस वर्षअगाडिको काठमाडौंको जनसङ्ख्या र अहिले बढेको त्यहाँको जनसङ्ख्याबीच आकाश–पातालको फरक छ र मेलम्चीको पानीले वर्तमान घना र बाक्लो काठमाडौंको बस्तीलाई प्रचार गरिएको जस्तो पानी आपूर्ति कदाचित् पनि गर्न सक्दैन। त्यसो त वर्तमान विश्व नै पानीको समस्या भोगिरहेको र चिन्तित देखिन्छ। नेपाललगायत संसारका थुप्रै मुलुकमा अहिले पनि कैयौं माइल पर गएर खानेपानी गाग्रोमा भरेर ल्याउनुपर्ने बाध्यता छ। भनिन्छ, भविष्यमा पेट्रोलियम पदार्थझैं पानीको लागि हानथाप र मारकाट मच्चिने सम्भावना छ। अचेल पानीको दुरुपयोग नहोस् भनेर विदेशी प्लेनले यात्रीहरूले खानेपानी माग्दा प्लास्टिकको सानो गिलासमा थोरै (आधा) मात्र पानी दिन्छन् तर हाम्रो मुलुकमा पानीको दुरुपयोग एकदमै बढ्दो छ। विदेशीहरूले पानीको महत्त्व बुझे पनि हामीहरू पानीको महत्त्वबारे अनभिज्ञ नै छौं। जलस्रोतको धनी संसारकै पहिलो मुलुक ब्रजील र दोस्रो नेपाल हो तर हामीलाई जलस्रोतको धनी मुलुक भन्न पनि लाज लाग्ने अवस्था छ। किनकि हाम्रोमा सहज र सरल ढङ्गले न पानी पाइन्छ, न बिजुली। कुलमानको पालामा झिमिक्क नहुने विद्युत् अहिले जथाभावी विनासूचना झ्याप–झ्याप हुन थालेको छ। कुनै बखत हरियो वन, नेपालको धन भनेझैं जलस्रोतको अवस्था पनि हरियो वनझैं सुखाड हुने देखिन्छ। नेपालको सबैजसो नदी, नालाबगेर भारत जान्छन्। यसरी बगेर पानी मात्र होइन बालुवा, माटो र अन्य थुप्रै पानीका जीवजन्तु मात्र होइन अरबौंको खनिज पदार्थहरूसमेत भारत पुग्छन्, यसबारे हाम्रो सरकारले रोक्न कुनै पहल गरेको देखिंदैन। हिन्दीमा एउटा गीत नै छ– पानी रे पानी तेरा रङ्ग कैसा जिसमें मिलाओ लगे उसी जैसा। नेपालबाट भारततिर बगेर जाने यस्ता खनिज भारतको सम्पत्ति हुने नै भयो। त्यसैले जलस्रोतको धनी मुलुक भनेर नाक फुलाउने र काठमाडौंमा मेलम्ची आयो भनेर गर्व गर्नुको सट्टा देशभरि खेर गइरहेको जलस्रोतको समुचित व्यवस्था गर्नु आजको आवश्यकता हो। पानीको लागि सुगम मानिने नेपालको तराईमा अब गर्मीमा चापाकल सुक्ने, जमीनमुनि पानी नभएर मोटरले पानी नतान्ने देखिन थालिएको छ। पानीबारे सबै सचेत हुनु जरुरी छ।

मानव मात्रलाई नभई पानीको दैनिक आवश्यकता जीवजन्तु, बालीनाली, जमीन, रूख–बिरुवा सबैलाई पर्छ। मानवजातिलाई त बिहान उठ्ने बित्तिकै र राति अबेरसम्म दैनिक उपभोग्य वस्तुको रूपमा पानीको आवश्यकता पर्दछ। नदी, खोला, तलाउ प्रदूषित हुन थालेपछि र इनार, कुवाँहरू लोप हुन थालेपछि प्राकृतिकरूपमा प्राप्त पानीको भरपर्दो अन्य स्रोत र मुहान सुक्न थालेपछि मानव जाति हातेधारा र सरकारबाट प्राप्त हुने पानीमा निर्भर हुन बाध्य छन्। तर यति हुँदाहुँदै पनि पानी प्राप्त गर्ने स्रोत र साधन सीमित हुन थाले पनि पानीको महत्त्व हामी नेपालीले अझै राम्ररी बुझ्न सकेका छैनौं। आकाशे पानीको भरमा खेती गर्ने किसानहरूसमेत पानी नपर्दा पम्पिङसेट लगाएर जमीनमुनिबाट पानी तानेर सिंचाइ गर्थे। तर अब जमीनमुनिसमेत पानीको सतह घट्दै गएको छ। अब खाना खान नपाएर होइन पानी नपाएर प्याक–प्याक भएर प्राण जाने अवस्था आइसकेको छ। यसरी जीवित र निर्जीव सबैलाई पर्याप्त मात्रामा दिनहुँ चाहिने पानीबारे सचेतना जगाउनु आजको आवश्यकता हो। जलविन मछली मात्र होइन, मानव समाजको समेत अस्तित्व खतरामा पर्ने सङ्केत देखिन थालेको छ। अस्तु।

**मन्तव्य**



कुमार रुपाखेती

**सङ्क्षेपमा भन्ने हो भने वर्तमान परिवर्तन नियमित प्रक्रिया हो, अब रामेको ठाउँमा श्यामे मात्र आउने हो। रामे–श्यामेहरूले सदाझैं आफ्नै हित हेर्छन्। हामी निमुखा जनता त हिजो पनि बेसहारा आज पनि बेसहारा। दे दे राम दिला दे रामको लाइनमा बस्नेहरूलाई शुभकामना छ।**

# प्रविधिको दुरुपयोग गरी मलाई बदनाम गराइयो –वनमन्त्री आले

काठमाडौं, २३ फागुन (रासस) : वन तथा वातावरणमन्त्री प्रेमबहादुर




कार्यक्रममा बोल्दै वन तथा वातावरणमन्त्री प्रेमबहादुर आले। तस्वीरः रासस

आलेले प्रविधिको दुरुपयोग गरी आफूलाई बदनाम गराएको आरोप लगाएका छन्। नेपाल वन पैदावार उद्योग व्यवसायी महासङ्घले काठमाडौंमा आयोजना गरेको १०औं महाधिवेशन तथा २१औं वार्षिक साधारणसभामा बोल्दै उनले केही दिन पहिले सामुदायिक वन उपभोक्ता महासङ्घको कार्यक्रममा आफूले बोलेको भाषण तोडमोड गरी बदनाम गराउने उद्देश्यले कु प्रचार गरेको बताए।

उनले भने, "वर्तमान सरकार तथा मप्रति 'कु' दृष्टि राख्नेले मेरो भाषणलाई तोडमोड गरी एडिट गरेर सामाजिक सञ्जालमा पोष्ट गरेका छन्, यस्तो कु प्रचार नगर्न र उक्त कुराको विश्वास नगर्न म आग्रह गर्दछु।" सोही कार्यक्रममा मन्त्री आलेले ढलेको रूखबाट अक्सिजन नमिल्ने र कार्बनडाइअक्साइड मिल्छ भन्ने उद्देश्यले बोलेका थिए।

प्रविधिको दुरुपयोग गरी बदनाम गराउने काम भएको उल्लेख गर्दै उनले उक्त विषयमा गम्भीर ध्यानाकर्षण भएको जनाए। यसरी प्रविधिको दुरुपयोग गरी समय खेर फाल्नुभन्दा बरू उक्त समय देश विकासमा लगाउँनसमेत उनले आग्रह गरे। वैज्ञानिक वनका नाममा रूख छरपष्ट गरी फँडानी भएकाले वैज्ञानिक वन खारेज गरेको समेत मन्त्री आलेले जानकारी दिए।

नबोलेको कुरा एडिट गरेर बोलेको हो भन्दै कुप्रचार नगर्न उनले आग्रह गरे। "मैले यो जनताको सरकार हो, जनताप्रति उत्तरदायी भएको सरकार हो भनेको कुरालाई एडिट गरी गलत प्रचार गरिएकामा मेरो घोर आपत्ति छ", उनले भने। सो कार्यक्रमका प्रमुख अतिथिसमेत रहेका वन तथा वातावरणमन्त्री आलेले वैज्ञानिक वनका नाममा काटिएका रूखको सबै प्रदेश वन मन्त्रालयमा लगत सङ्कलनका लागि पत्राचार गरिएको र चाँडो व्यवथापन गर्नतिर मन्त्रालय अग्रसर रहेको बताए। उनले भने, "वैज्ञानिक वनका नाममा काटिएका रूखको लगत सङ्कलनको काम शुरू गरेका छौं, व्यवसायीलाई मर्कामा पर्न दिदैनौं।"

वैज्ञानिक वनको अवधारणा राम्रो भए पनि केही व्यक्तिले वन विनाश गर्नकै लागि जथाभावी वन फँडानी गर्ने गरेकाले फँडानी रोक्नका लागि वैज्ञानिक वन व्यवस्थापन २०७१ खारेज गरिएको मन्त्री आलेको जिकिर छ। काठ निकासी, पैठारी रोकिएकाले व्यवसायीलाई समस्या भएको कुरा आफूले राम्रोसँग बुझेकाले काठ निकासीका लागि के गर्न सकिन्छ सो विषयमा छलफल तथा अध्ययन भइरहेको मन्त्री आलेले सो कार्यक्रममा जानकारी गराए।

मन्त्रिपरिषद्को गत जेठ १५ गतेको बैठकले देशैभरका वनमा रूख कटान, सङ्कलन, ओसारपसार र ढुवानीमा प्रतिबन्ध लगाउँने तथा छानविनका लागि उच्चस्तरीय समिति बनाउने निर्णय गरेको थियो। करीब साढे दुई लाख श्रमिक वनजन्य उद्यममा आश्रित भइरहेकामा काठ सङ्कलन र ओसारपसार बन्द हुँदा उनीहरूका परिवार थप मारमा परेका कारण कानूनी प्रक्रिया पूरा भएका काठ खुला गरिदिन नेपाल वन पैदावार उद्योग व्यवसायी महासङ्घका अध्यक्ष श्यामसुन्दर ढकालले आग्रह गरे।

## वर्षा र हिमपातको सम्भावना

काठमाडौं, २३ फागुन/रासस

पश्चिमी वायुको प्रभावले देशको अधिकांश भूभागमा आंशिकदेखि सामान्य बदली रही वर्षा र हिमपात भएको छ। पश्चिमी वायुको आंशिक प्रभावले सोमवार बेलुकासम्म देशभर आंशिकदेखि सामान्य बदली रही देशका पहाडी भूभागमा मेघगर्जनसहित हल्का वर्षा र उच्च पहाडी तथा हिमाली क्षेत्रमा हल्का हिमपातको सम्भावना छ।

ठूलो पानी पर्ने सम्भावना भने नरहेको तथा मङ्गलवारदेखि मौसम सुधार हुने मौसमविद् शान्ति कँडेलले बताइन्। उनका अनुसार हाल देशका पहाडी भूभागमा आंशिक बदली तथा बाँकी भूभागमा मौसम सामान्यतया सफा छ। देशका पहाडी भूभागमा राति सामान्य बदली भई गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भूभागका केही स्थानका साथै वाग्मती र प्रदेश नं १ का एक वा दुई स्थानमा मेघगर्जनसहित हल्का वर्षा हुने बताइएको छ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम शून्य दशमलव सात डिग्री सेल्सियस छ।

## गति लिंदै हुलाकी.....

पहिले ठेक्का सम्झौता भइसकेका आयोजनासमेत अझै अलपत्र अवस्थामा छन्।

कतिपय स्थानमा सडक सम्पन्न भए पनि पुलका कारण सञ्चालन हुनसक्ने अवस्था नभएको बताइएको छ।

पूर्व–पश्चिम राजमार्गको विकल्पका रूपमा रहेको राजमार्गको लम्बाइ ९७५ किमी छ। राणा शासनको समयमा चिठी आदानप्रदान गर्ने हुलाकी सडकको अवधारणाको विकास भएको थियो। सो आयोजनाको उद्देश्य तराई–मधेसमा रहेका जनतालाई यातायात सर्वसुलभ र सहज बनाउनेसँगै यस क्षेत्रका शिक्षा, स्वास्थ्य, कृषि, व्यापारलगायतको विकास गर्ने रहेको छ।

## फरक समाचार

### पथरी हुने रोगीमा हाड भाँचिने खतरा

मिर्गौलामाथि भएको नयाँ अनुसन्धान अनुसार यदि मिर्गौलामा पथरी छ भने रोगीमा हाड भाँच्चिने खतरा रहन्छ। यो दाबी अमेरिकाको स्टेनफोर्ड युनिभर्सिटीका वैज्ञानिकले गरेका हुन्। शोधकर्ताका अनुसार पथरी भएपछि हाडको जाँच गराउनुपर्ने बताएका छन्।



सन् २००७ देखि २०१५ सम्म ५ लाख ३१ हजार ४३१ पथरीका रोगीको अनुसन्धान गरिएको थियो। २३.६ प्रतिशत रोगीमा पथरीको उपचारको क्रममा ओस्टियोपोरोसिस वा फ्रैक्चरको समस्या भयो। यी यस्ता बिरामी थिए, जसलाई हाडसम्बन्धी कुनै कमजोरी थिएन।

शोधकर्ताका अनुसार पथरी उपचारको समय र त्यसपछि बोन डेन्सिटी टेस्ट आवश्यक हुन्छ, ताकी यो पत्ता लगाउन सकिन्छ कि हाड कमजोर छ कि छैन। विशेषगरी बुजुर्गले यो टेस्ट गराउनुपर्छ किनभने बढ्दो उमेरसँगै शरीरमा क्याल्सियमको मात्रा पनि घट्दै जान्छ।

पेटको तल्लो भाग दुख्नु, बान्ता हुनु, बेचैनी, पटक–पटक पिसाब आउनु र खुलेर पिसाब नहुनु, पिसाबबाट रगत आउनु, ज्वरो, पसिना हुनु, पिसाबबाट दुर्गन्ध आउनु आदि मिर्गौला रोगका लक्षण हुन्।

रक्तचापलाई १४०/९० भन्दा कम राखेर मिर्गौला रोगबाट बच्न सकिन्छ। कम नून भएको खाना, फल र तरकारीको बढी सेवन, सक्रिय जीवनशैली र आफ्नो तय कोलेस्ट्रोल रेन्जलाई बनाइराख्नुपर्छ। साथै चिकित्सकको सल्लाह अनुसार औषधि खानुपर्छ। यदि मिर्गौला फेल भयो भने डायलिसिस उपचार आवश्यक पर्छ।

यदि तपाईंलाई मधुमेह छ भने हरेक वर्ष रगत र मूत्रको जाँच गराउनुपर्छ। एकै ठाउँमा बसिरहनुहुँदैन, सक्रिय रहनुपर्छ किनभने शारीरिक सक्रियताले ब्लड सुगरको स्तरलाई नियन्त्रणमा राख्छ।

### इतिहासकै सबैभन्दा ठूलो बैंक डकैती

बैंक डकैतीबारे हामीले थुप्रै घटना सुनेका छौं तर इतिहासको सबैभन्दा ठूलो बैंक डकैतीबारे सबैलाई थाहा छैन। यस बैंक डकैतीमा इराकका राष्ट्रपतिको छोराको हात थियो। १८ वर्ष पहिले इराकको केन्द्रीय बैंकबाट कुल एक बिलियन डलर लुटिएको थियो। सन् २००३ मार्चमा यो घटना भएको थियो, त्यति बेला



सद्दाम हुसेन इराकका राष्ट्रपति थिए। सद्दाम हुसेन र अमेरिकाको दुश्मनीबारे सबैलाई थाहा छ।

भनिन्छ, अमेरिकाले इराकमाथि हमला गर्ने तयारी गर्दै थियो। त्यसको केही घण्टा पहिले सद्दाम हुसेनका छोरा कुसयले बगदादस्थित इराकी सेन्ट्रल बैंकमा पुगे र बैंकका प्रमुखलाई एउटा पर्चा थमाए, जसमा लेखिएको थियो– सुरक्षाको कारणले बैंकको सबै रकम राष्ट्रपतिले अन्य सुरक्षित स्थानमा लैजान आदेश दिएका छन्। सद्दाम हुसेन तानाशाह थिए, तसर्थ बैंकका प्रमुखले सद्दाम हुसेनको छोरा कुसयको कुरा टार्न सकेनन् र सबै रकमलाई लैजाने अनुमति दिए। किनभने बैंक प्रमुखसँग अन्य कुनै विकल्प पनि थिएन।

कुसयले सो बैंकबाट यतिधेरै रकम लुटेका थिए कि ट्रकमा पैसा भरेर लैजानुपऱ्यो। लुटको रकम ट्रकमा भर्न पाँच घण्टा समय लाग्यो। सो बैंकमा यतिधेरै रकम थियो कि ट्रकमा राख्ने ठाउँ थिएन। बैंक डकैतीको यो घटना संसारभरि फैलिएपछि अमेरिकी सेनाले इराकमाथि बमबारी शुरू गऱ्यो। त्यसपछि सेन्ट्रल बैंकमा पनि अमेरिकी सेनाले कब्जा जमायो। बैंकको रकम कुसयले लगेको थाहा पाएपछि अमेरिकी सेनाले निकै छानबिन गऱ्यो।

सद्दाम हुसेनको महलमा जाँच गर्दा त्यहाँबाट ठूलो मात्रामा रकम भेटियो तर ती रकम लुटको थिएन। ती रकम सद्दाम हुसेनका अर्का छोरा उदयले राखेका थिए। इराकका थुप्रै ठाउँको छानबिन गर्दा केही रकम भेटियो तर लुटेको रकम कहिल्यै भेटिएन। भनिन्छ, सद्दाम हुसेनले सो रकम सिरिया पठाएका थिए। यो बैंक डकैती अन्य डकैतीभन्दा निकै अलग थियो। यस डकैतीमा न त गोली चल्यो, न मारपिट नै भयो।

### समुद्रमा भेटियो अनौठो जीव

समुद्रको अगाध गहिराइमा थुप्रै अनौठा जीवहरू पाइन्छन्। हालै सामाजिक सञ्जालमा एउटा रहस्यमय जीवको फोटो सार्वजनिक भएको छ। युकेको वेल्समा ब्रोड हेभेन साउथ बीचको किनारमा अनौठो जीवको शव भेटिएको थियो। २३ फिट लामो यस जीवको मुखमा हात्तीसरह ठूलठूला दाँत थियो। यस जीवको आधा शरीर माछाको र आधा डायनासोरजस्तो देखिन्छ। पानीबाट बाहिर आएको कारण यो जीवको मृत्यु भइसकेको थियो।



यस जीवबारे शोध भइरहेको छ। पछिल्लो साता बिहान जब मानिसहरू घुमफिरको लागि सो ठाउँमा पुगेपछि यस अनौठो जीवलाई देखेका थिए। त्यसपछि स्ट्रैडिंग्स इन्भेस्टिगेशन प्रोग्राम टीमलाई बोलाइयो। विशेषज्ञ यस जीवलाई हेरेर निकै अचम्ममा परेका थिए। यस जीवको शरीरमा टाउको थिएन। शव निकै कुहिएको थियो। प्रोग्रामका टीम सदस्य मिस्टर वेस्टफिल्डको भनाइ छ– यो जीव के हो भन्न सकिंदैन। यो जीवको शरीर कहाँबाट शुरू हुन्छ र कता समाप्त हुन्छ त्यो पनि भन्न सकिंदैन।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## चीनको निर्यातमा व्यापक सुधार, एक दशकमै सबैभन्दा बढी



तस्वीरः एएफपी

बेइजिङ, २३ फागुन/एएफपी

कोरोनाभाइरस महामारीकै बीचमा पनि चीनको निर्यात विगत दुई दशकमै सबैभन्दा बढीले वृद्धि भएको चिनियाँ सरकारी निकायले जनाएको छ। साथै, चीनले गर्ने वस्तु तथा सेवाको आयातमा पनि वृद्धि भएको छ।

इलेक्ट्रोनिक्स र मास्क जस्ता तयारी पोशाकको निर्यातमा व्यापक वृद्धि भएको छ।

गत वर्षको तुलनामा जनवरी–फेब्रुअरीको अवधिमा निर्यातमा ६०.६ प्रतिशतले वृद्धि भएको छ भने आयात २२.२ प्रतिशतले बढेको छ।

प्राप्त विवरण अनुसार, गत वर्ष निर्यातमा १७ प्रतिशत र आयातमा ४ प्रतिशत न्यून भएको थियो।

चिनियाँ भन्सार प्रशासनका अनुसार इलेक्ट्रोनिक्स सामानको निर्यात ५४.१ प्रतिशत तथा टेक्स्टाइलको निर्यात ५०.२ प्रतिशतले बढेको छ।

चीनको समग्र व्यापार बचत एक खर्ब ३ अर्ब ३० करोड डलर रहेको भन्सार प्रशासनको भनाइ छ। अमेरिकासँगको व्यापार बचत पनि गत वर्षको तुलनामा दोब्बर अर्थात ५१ अर्ब ३० करोड डलर पुगेको छ। रासस

## भारतको बजेट अधिवेशन सोमवारदेखि शुरू हुने

नयाँ दिल्ली, २३ फागुन/पिटिआई

भारतमा सोमवारदेखि दोस्रो चरणको बजेट अधिवेशन शुरू हुने भएको छ।

अधिवेशनमा आर्थिक विधेयकसँगै कर सम्बन्धी प्रस्तावहरू पनि पेश गरिने अधिकारीहरूले जानकारी दिएका छन्।

सरकारले त्यस बाहेक अन्य केही महत्त्वपूर्ण र नियमित प्रस्तावहरू पनि संसद् बैठकमा पेस गर्ने तयारी गरेको छ। बजेट भने गत फेब्रुअरी १ तारिखमा संसद्मा टेबुल भएको थियो।

पश्चिम बङ्गाल, तमिलनाडु, आसाम, केरला र पोण्डीचरीमा विधानसभाको निर्वाचन हुन लागेकाले यो संसद् अधिवेशनलाई दलहरूले निर्वाचन लक्षित हुनेगरी उपयोग गर्ने तयारी गरेका छन्। ती प्रदेशहरूमा यही मार्चदेखि अप्रिलसम्म निर्वाचन हुने तय भएको छ।

सोमवार शुरू हुने दोस्रो चरणको बजेट अधिवेशन आगामी अप्रिल ८ मा सक्ने योजना रहेको छ। पहिलो चरणको बैठक गत जनवरी २९ देखि शुरू भएको थियो। पहिलो दिन केन्द्रीय दुवै सदनलाई राष्ट्रपतिले सम्बोधन गरेका थिए।

भारतमा केन्द्रीय संसद्ले बनाएको कृषि सम्बन्धी तीन ओटा कानुनलाई लिएर किसानहरूले लामो समयदेखि देशव्यापी आन्दोलन गर्दै आएका छन्। यही विधेयकका कारण पहिलो चरणको बजेट अधिवेशन प्रभावित भएको थियो। संसद्मा प्रतिनिधित्व गर्ने भारतीय राष्ट्रिय काङ्ग्रेस समेत २० भन्दा बढी दलले सरकारले ल्याएको कृषि विधेयकको विरोधसँगै संसद् बैठक बहिस्कार गरेका थिए। रासस

## ट्वीटरका संस्थापक डोर्सीको पहिलो ट्वीट लिलामीमा

सानफ्रान्सिस्को, २३ फागुन/एएफपी

विश्वप्रसिद्ध सामाजिक सञ्जाल ट्वीटरका संस्थापक ज्याक डोर्सीले आफूले गरेको पहिलो ट्वीट बिक्रीका लागि लिलामीमा राखेका छन्। उनको त्यो पहिलो ट्वीटलाई शनिवार २५ लाख डलरमा लिलामीमा स्वीकार गर्न प्रस्ताव प्रस्तुत भएको थियो।

डोर्सीले बिक्री गर्न खोजेको उक्त ट्वीटलाई ब्लकचेन टेक्नोलोजी मार्फत् भर्चुअल वस्तुका रूपमा बिक्री गरिने छ।

सन् २००६ मार्च २१ मा डोर्सीले "जस्ट सेटिङ अप माई ट्वीटर" अर्थात् "भर्खरै मैले ट्वीटर खाता खोलें," घोषणा गरेका थिए।

गत शुक्रवार डोर्सीले ट्वीटका लागि स्थापित अनलाइन बजार "भ्यालुएबल्स एट सेन्ट" मा एउटा लिङ्क राखेका थिए। यहाँबाट लगानीकर्ता वा संग्रहकर्ताले आफ्ना ट्वीटहरू किनबेच गर्न पाउँछन्।

शनिवार डोर्सीका ट्वीट खरिद गर्न दुई व्यक्तिबीच प्रतिस्पर्धा चलेको थियो। ट्रोन नामको ब्लकचेन प्लेटफर्मका संस्थापक जस्टिन सनले २० लाख डलरमा डोर्सीको ट्वीट खरिद गर्न इच्छा देखाउनु भएको थियो। तर ब्रिज ओराकलका प्रमुख कार्यकारी सिना एस्टाभीले सोही ट्वीट २५ लाख डलरमा खरिद गर्ने घोषणा गरेका थिए।

डोर्सीको उक्त ट्वीट डोर्सी र ट्वीटरले अनलाइनबाट नहटाउँदासम्म सबैले अनलाइनमा देख्न पाउने छन्।

आजभोलि महत्त्वपूर्ण क्षणका घटनाक्रमलाई "नन–फंगिबल टोकेन (एनएफटी)" मार्फत सुरक्षित गरी बेच्न सकिने बनाइएको छ। गत महिना अमेरिकी बास्केटबल खेलाडी लिब्रोन जेम्सको एउटा क्षण (टप सट)को भिडियोले २ लाख ८ हजार डलर कमाउन सफल भएको थियो। रासस

## ब्राजीलमा कोरोनाका कारण एकै दिनमा १५ सयको मृत्यु

साओ पाउलो, २३ फागुन/सिन्हवा

ब्राजीलमा कोरोनाभाइरसका कारण एकै दिनमा थप १५ सयभन्दा बढीको मृत्यु भएको छ।

स्वास्थ्य मन्त्रालयका अधिकारीहरूले दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा एक हजार ५५५ जनाको मृत्यु भएको हो।

योसँगै ब्राजीलमा कोरोनाका कारण अहिलेसम्म मृत्यु भएकाहरूको सङ्ख्या दुई लाख ६४ हजार ३२५ पुगेको मन्त्रालयले जनाएको छ। ब्राजीलमा एकै दिनमा ६९ हजार ६०९ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएको पुष्टि गरिएको छ। योसँगै कुल सङ्क्रमितको सङ्ख्या एक करोड नौ लाख ३८ हजार पुगेको छ। दक्षिण अमेरिकी मुलुकमध्ये ब्राजीलमा मात्रै एकै दिनमा सबैभन्दा धेरैको मृत्यु भएको हो। यसअघि गत बुधवार एकै दिन एक हजार ९१० जनाको मृत्यु भएको थियो। रासस

## उत्तरी अफगानिस्तानमा आठ प्रहरीको मृत्यु

मजार ए सरिफ, २३ फागुन/सिन्हवा

उत्तरी अफगानिस्तानको बाख्ल प्रान्तमा शनिवार राति भएको भिडन्तमा आठ प्रहरी र पाँच तालिबान लडाकूको मृत्यु भएको स्थानीय प्रहरीले जनाएको छ।

प्रान्तीय प्रहरीका अदिल शाह अदिलले हातहतियारबाट सुसज्जित तालिबान लडाकूहरूले सुरक्षा जाँच चौकीमा बन्दुक र क्षेप्यास्त्र सहित आक्रमण गरेपछि भिडन्त भएको जानकारी दिए।

उक्त भिडन्तमा अरू छ जना प्रहरी र सात जना लडाकू पनि घाइते भएको उनले बताए। हालैका वर्षहरूमा यस प्रान्तमा सुरक्षाफौज र तालिबान लडाकूबीच निरन्तरजसो भिडन्त हुने गरेका छन्। तालिबान समूहले बाल्खको भिडन्तमा १२ जना प्रहरी मारिएको दाबी गरेका छन्।

तालिबान समूहका प्रवक्ता जबिहुल्लाह मुजाहिदले ट्वीट गर्दै सुरक्षा जाँच चौकीबाट लडाकूहरूले एउटा बख्तरबन्द सैन्य सवारी साधन र हातहतियार कब्जा गरेको बताए। रासस

## बर्दिवास बजारमा प्रशासनको अनुगमन, ८ वटा पसललाई जरिवाना

प्रस, वीरगंज, २३ फागुन/

स्थानीय प्रशासनले महोत्तरीको बर्दिवास बजारमा अनुगमन गरी उपभोक्ता ऐन विपरित कसुर गरेको अवस्थामा ८ वटा पसललाई कारबाई गरेको छ।

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगंजका प्रमुख जीतबहादुर भण्डारीको नेतृत्वमा गएको टोलीले कृष्ण स्टोर्स, बर्दिवास घरसंसार, जयनिर्मल बाबा खद्यान्न भण्डार, राम आइरन स्टोर्स, भवानी खाद्यान्न भण्डार, महादेव जनरल किराना पसल, राज इन्टरप्राइजेजव र जनक फैन्सी पसललाई कुल ४ लाख २० हजार तत्काल जरिवना गरी ७ दिन भित्र राष्ट्रिय वाणिज्य बैंकको खतामा राजस्व दाखिला गर्न निर्देशन दिएको वाणिज्य तथा आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगंजका सूचना अधिकारी दिलिप खड्खत्वेले जानकारी गराए।



पसल अनुगमन गर्दै टोली। तस्वीरः प्रतीक

## मुस्कानलाई मुख्यमन्त्रीको बधाई

प्रस, वीरगंज, २३ फागुन/

अन्तर्राष्ट्रिय साहसी महिला पुरस्कार विजेता मुस्कान खातुनलाई प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउत गद्दीले बधाई दिएका छन्। मुख्यमन्त्री गद्दीले आइतवार विज्ञप्ति जारी गर्दै मुस्कानलाई बधाई दिएका हुन्।

एसिड आक्रमणमा परेपछि मुस्कानले तेजाब हमलाविरुद्ध कडा कानुन र सजायका लागि अगुवाइ गरेको भन्दै सो कार्यको कदर गरेर अमेरिकी मिसनले उनलाई अन्तर्राष्ट्रिय सहासी महिला पुरस्कार दिने घोषणा गरेको हो।

'पुरस्कारका लागि प्रदेश २ की छोरीलाई चयन गरेकोमा नेपालस्थित अमेरिकी मिसन र अमेरिकी सरकारप्रति प्रदेश सरकारको तर्फबाट हार्दिक आभार प्रकट गर्दछु' विज्ञप्तिमा उल्लेख गरिएको छ। साथै मुस्कानलाई बधाई साथै उत्तरोत्तर प्रगतिको शुभकामना समेत भनिएको छ।

## ७ महिलासहित ३३ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २३ फागुन/

साना किसान कृषि सहकारी संस्था लि सिमराको आयोजनामा आइतवार भएको रक्तदान कार्यक्रममा ७ जना महिलासहित ३३ जनाले रक्तदान गरेका छन्।

रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले आज भएको रक्तदान कार्यक्रममा कृष्णादेवी घिमिरे, प्रेमा बल, दुर्गा पौडेल, पार्वती पौडेल, लक्ष्मीकुमारी पण्डित, सुनील क्षत्री, सन्तोष श्रेष्ठ, साजन रेग्मी, नसीम हुसेन, अमर लामा, मधु श्रेष्ठ, चुडामणि गौतम, कमल आचार्य, प्रदीप गिरीलगायतले रक्तदान गरेको बताए।


तस्वीरः प्रतीक


### आवश्यकता! आवश्यकता!! आवश्यकता!!!

यस नेपाल नेत्रज्योति सङ्घ अन्तर्गतको रामकुमार महावीर प्रसाद केडिया आँखा अस्पताल, परवानीपुरमा सञ्चालित रहेको REACH PROJECT को लागि तपसिल बमोजिमको कर्मचारीहरूको आवश्यकता रहेकोले Project को सेवा सुविधाअनुसार Project अवधीभर करार सेवामा रहि काम गर्न इच्छुक, उमेरको हद 35 वर्ष ननाघेको नेपाली उम्मेदवारले आफ्नो शैक्षिक प्रमाणपत्र, बायोडाटा, हस्तलिखित निवेदन, निरोगिता प्रमाणपत्र तथा नागरिकताको फोटोकपीसहित यस अस्पतालको प्रशासन शाखामा वा info@kediaeyes.org मा निवेदन पठाउन हुन अनुरोध छ।

| Post | Qualification | Required No. | Remarks |
|---|---|---|---|
| Eye Health Worker | Eye Health Course Passed from CTEVT A.N.M. Course Passed can also apply | 6 | Certified advance or basic computer knowledge is necessary. |
| Optical Technician | SLC Passed and Trained Optical Technician from CTEVT | 1 | Certified advance or basic computer knowledge is necessary. |

दरखास्त दिने अन्तिम मिति २०७७ चैत्र ९ गतेसम्म

नेपाल नेत्रज्योति सङ्घ
रामकुमार महावीर प्रसाद केडिया आँखा अस्पताल
परवानीपुर ४, वीरगंज (नेपाल), Email. info@kediaeyes.org



Om Advertising
A Complete art Solution
3D Flex Print 2D
Flex Print, Backlit Print, inyle Print, Reflective Print, Hoarding Board, Glowsing Board, LED Board, Sticker Print, Wall Painting, Shutter Painting, Welcome Gate, Name/No. Plate
Parwanipur, Bara
9802818703, 9846418703






Poonam Arts
......A Complete art Solution
- Flex Print
- Sticker Print
- Dps Board
- Light Board
- Glowsing Board
- Wall Painting
- Stall Decoration
- 2D-3D Board
- Hoarding Board
- Digital Hoarding Board
National Trading, Main Road, Birgunj
Ph: 051-525653



Admission Open
BBA (Bachelor of Business Administration)
BBA-TT (Bachelor of Business Administration-Travel & Tourism)
BCA (Bachelor of Computer Aplication)
CITIZEN COLLEGE
POKHARA UNIVERSITY AFFILIATE
Kumaripati, Lalitpur (Opposite to Mahayaan Petrol Pump)
01-5545684, 5545685, 9851000035


### आजको राशिफल

| | |
|---|---|
| मेष – अलमल | वृष – वादविवाद |
| मिथुन – व्यापारवृद्धि | कर्कट – कडाश्रम |
| सिंह – चोरभय | कन्या – भयचिन्ता |
| तुला – राज्यलाभ | वृश्चिक – धनखति |
| धनु – सुयश | मकर – अलमल |
| कुम्भ – सफलता | मीन – राज्यसुख |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौत– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो ३:४० बजे

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०७७/०७८

# लाठको क्षमादान उपन्यास विमोचित

प्रस, परवानीपुर, २३ फागुन/

वीरगंजका उद्योगपति तथा लेखक गणेशप्रसाद लाठको चौथो कृति 'क्षमादान' प्रकाशन गर्ने नेपा-लयकी वन्दना मास्केलगायतले संयुक्त रूपमा पुस्तकको विमोचन गरेका थिए। पहाडलगायत धेरै ठाउँको कथाहरूलाई राम्रो किसिमले प्रस्तुत गरेका छन्। २८१ पृष्ठको पुस्तक क्षमादानको मूल्य रु



तस्वीरः प्रतीक

को एक कार्यक्रमबीच विमोचन भएको छ।

आदर्शनगर जैन धर्मशालामा आयोजित कार्यक्रममा उपन्यास क्षमादानको विमोचन भएको हो। साहित्यकार तथा अध्यापक मुकुन्द आचार्य, पाठशाला वीरगंजका अध्यक्ष बालगोपाल थापा, लेखक लाठ, पुस्तक

कार्यक्रममा पत्रकार चन्दकिशोर झाले लाठको उपन्यास क्षमादानकोबारेमा टिप्पणी गरेका थिए। उनले लेखक वीरगंजको मधेसमा बसेर तराईका भाषा, कथा, तथ्यहरूलाई निकै मिठो रूपले पुस्तकमा प्रस्तुत गरेको जिकिर गरे। उनले भने, 'लेखक वीरगंज जस्तो फरक परिवेशमा बस्छन् तर उनले तराई, ४९५ राखिएको छ। पाठशाला वीरगंजका अध्यक्ष थापाको अध्यक्षता तथा पत्रकार केसी लामिछानेको सहजीकरणमा सम्पन्न कार्यक्रममा धन्यवाद पाठशाला वीरगंजका कोषाध्यक्ष वीरेन्द्र साह तेलीले गरेका थिए।

कार्यक्रममा वीरगंजका उद्योगी व्यवसायी, साहित्यकार, कवि, पत्रकारलगायतको सहभागिता थियो। यसअघि लेखक लाठले अघटित, छमिया र अनुराधा भवन नामक पुस्तक लेखिसकेका छन्।

# सर्वोच्चको निर्णय, नेकपा एमालेद्वारा दीप प्रज्वलन

प्रस, परवानीपुर, २३ फागुन/

पर्साका पूर्व एमाले नेता तथा कार्यकर्ताहरूले वीरगंजमा दीप बालेर खुशी मनाएका छन्।


घण्टाघरमा आयोजित दीप प्रज्वलनमा नेता राजकुमार गुप्तालगायत।

जिल्लाको सदरमुकाम वीरगंजमा साँझ ६ बजे दीप प्रज्वलन कार्यक्रम आयोजना गरी सर्वोच्च अदालतले आइतवार नेकपाको स्वातयता बारेमा गरेको फैसलाको स्वागत गरेका थिए।

एमाले नेता तथा पूर्व सभासद् राजकुमार गुप्ताले बहुमतको सरकारलाई हटाउने खोज्नेहरूको हविगत अब के हुने हो भन्ने बारेमा प्रश्न गर्दै पूर्व माओवादीहरूको नेता प्रति टिप्पणी गरेका थिए।

कार्यक्रममा नेकपा नेतृ निर्मला देवकोटा, संविधानसभाका सदस्य प्रद्युम्न चौहान, नेताहरू बिना शर्मा, तेजप्रकाश निषाद, अकलेस साह, हनिफ अन्सारी, अनुप तिवारी, सञ्जिव मिश्र, केसी लामिछाने, महमद आलम, लक्ष्मण चौरसिया, केदार तिवारी, इमरान हुसेन, विन्ध्याचल ठाकुर, रवि गुप्तालगायतको सहभागिता थियो।

**प्रस, पथलैया/**

सर्वोच्च अदालतको निर्णयप्रति नेकपा एमालेलले सिमरामा दीप प्रज्वलन गरेको छ। एमाले निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विधार्थी युनियनले सर्वोच्चको निर्णयको स्वागत गर्दै दीप प्रज्वलन गरेको हो।

दीप प्रज्वलनमा विद्यार्थी नेतासहित एमाले कार्यकर्ताको उपस्थिति रहेको थियो। सूर्यको झन्डा बोकेर सडकमा उत्रिएका एमाले कार्यकर्ताले नाचगान समेत गरेका थिए।

दीप प्रज्वलन कार्यक्रममा बोल्दै विद्यार्थी नेता त्रिलोकविक्रम शाह र हिरा बस्नेतले सर्वोच्च अदालतको निर्णयले एमालेका आम कार्यकर्तामा खुशी फर्किएको बताए।

नेकपा एमाले र नेकपा माओवादी केन्द्र मिलेर बनेको नेकपालाई खारेज गर्दै सर्वोच्चले ऋषि कटेलको नेतृत्वमा रहेको नेकपा आधिकारिक भएको निर्णय सुनाएको छ। पछिल्लो समय प्रचण्ड-ओलि नेतृत्वमा बनेको नेकपामा विवाद बढ्दै गएपछी जनस्तरमा समेत कार्यकर्ता असन्तुष्ट थिए।


सिमरा, तस्वीरः प्रतीक

# दुर्घटनामा घाइते महन्थको मृत्यु

प्रस, रौतहट, २३ फागुन/

शुक्रवार सवारी दुर्घटनामा घाइते भएका इटवालस्थित राम मन्दिरका महन्थ ब्रम्हदेव साहको उपचारको क्रममा आइतवार मृत्यु भयो। ६५ वर्षीय साहको विराटनगरस्थित विराट नर्सिङ अस्पतालमा उपचारका क्रममा जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक भुवनेश्वरप्रसाद साहले बताएका छन्।

जिल्लाको शम्भुनाथ नगरपालिका-५ तारखोला पुलस्थित पूर्व-पश्चिम राजमार्गमा शुक्रवार राति बा ४० प २२१५ नम्बरको मोटरसाइकलले ठक्कर दिंदा रौतहटको देवाहीगोनाही नगरपालिका-९ घर भई इटवालस्थित राम मन्दिरका महन्थ साह गम्भीर घाइते भएका थिए। प्रहरीले मोटरसाइकल चालक शम्भुनाथ-६ का ३० वर्षीय रमजानी मियाँलाई पक्राउ गरेको छ।

# बलात्कार आरोपमा मियाँ पक्राउ

प्रस, सप्तरी, २३ फागुन/

बलात्कारको आरोपमा फरार सप्तरीको विष्णुपुर गाउँपालिका-५ बोरियाका ३५ वर्षीय मोहम्मद रहमुल मियाँलाई आइतवार प्रहरीले पक्राउ गरेको छ।

आरोपितले २०७७ जेठ २६ गते बलात्कार गरी गर्भवती बनाएको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा गत असोज २९ गते उजूरी दिएकी थिइन्।

पीडितले जिल्ला प्रशासन कार्यालयमा समेत पनि २०७७ कात्तिक ३ गते उजूरी दिएकी थिइन्।

जिल्ला प्रहरी कार्यालयले कात्तिक ४ गते उजूरी दर्ता गरे पनि पक्राउ नपरेका आरोपितलाई गाउँघरमै लुकेर बसेको अवस्थामा आइतवार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका सप्तरीले जनाएको छ।

बलात्कारबाट गर्भवती बनेकी पीडितबाट राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा गत कात्तिक १५ गते छोराको जन्म भएको छ।




# ग्रामीण क्षेत्रमा मौसमी रोगको प्रकोप

प्रस, पंचगावाँ, २३ फागुन/

मौसम परिवर्तन भएपछि पर्साको


पटेर्वासुगौली गापाको स्वास्थ्य संस्थामा उपचार गराउँदै बिरामी। तस्वीरः प्रतीक

ग्रामीण क्षेत्रका स्वास्थ संस्थाहरूमा बिरामीको सङ्ख्या बढ्न थालेको छ।

डायरिया, भाइरल ज्वरो, स्वासप्रस्वास, रूघाखोकी, एलर्जी, छालाका रोगीहरू बढ्न थालेको पटेर्वासुगौली गाउँपालिकाको स्वास्थ चौकी इन्चार्ज दिनेश रौनियारले बताए। गरीब, विपन्न र दलित समुदायका बिरामीहरू बढी आउने गरेको उनले बताए। खेतबारीमा कडाश्रम गर्ने मजदूर, बालबालिका र वृद्धवृद्धामा मौसमी रोगको प्रकोप देखिएको उनले बताए।

पटेर्वासुगौली गापा स्वास्थ शाखा प्रमुख जगन्नाथ साहका अनुसार दीर्घरोगी, बालबालिका वृद्धवृद्धाहरूले स्वास्थमा ध्यान दिनुपर्ने, खानपिन, सरसफाइ र आवश्यकता अनुसार आराम गर्नुपर्ने सुझाव दिए। गापाका सबै स्वास्थ चौकीमा स्वास्थकर्मी र औषधि रहेको र आवश्यकता अनुसार गापाले पनि उपलब्ध गराउने बताए।

निचुटा स्वास्थ चौकी इन्चार्ज प्रमोद कर्णले खुला सिमाना भएकोले झोले चिकित्सकसँग उपचार नगराउन र जथाभावी औषधि प्रयोग गर्न सुझाव दिए।

पटेर्वासुगौली गापाअन्तर्गत ५ वटा स्वास्थ चौकी छन् र ती सबैमा दैनिक डेढसय बिरामी आउने गरेको पटेर्वा सुगौली गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भुजेन्द्रप्रसाद यादवले बताए।

# मानव सेवा आश्रममा फलफूल वितरण

प्रस, वीरगंज, २३ फागुन/

युवा समाज पिपराले मानव सेवा



तस्वीरः सौजन्य

आश्रममा फलफूल वितरण गरेको छ। समाजका अध्यक्ष अनिल पटेलको नेतृत्वको टोलीले आश्रमका प्रतिनिधि सानु मायालाई फलफूललगायतका सामग्री हस्तान्तरण गरेका थिए।

कार्यक्रममा समाजका पवन पटेल, प्रताप पटेल, जयराम पटेल, धर्मेन्द्र पटेल, नरेन्द्र पटेल, नागेन्द्र पटेल र विकास कुमारलगायतको सहभागिता थियो। समाजले शनिवार पिपरामा रक्तदान गरेको र आइतवार मानव सेवा आश्रममा फलफूल वितरण गरेको थियो।

# राजविराजमा पेस्तोलसहित दुई जना पक्राउ

प्रस, सप्तरी, २३ फागुन/

सप्तरीको राजविराजबाट आइतवार दुई जना युवकलाई नलकटुवा पेस्तोलसहित प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा जिल्लाको विष्णुपुर गाउँपालिका-७ का २० वर्षीय महेशकुमार शर्मा र सोही गाउँपालिका- ५ बस्ने १९ वर्षिय प्रमोद साह छन्। शर्मा यसअघि नै हातहतियार खरखजाना मुद्दामा ११ महिना कारागार रहिसकेका हुन्।

स ७ प ९६७० नम्बरको मोटरसाइकलका चालक शर्मा र उनको पछाडि बसेका साह राजविराजमा घुमिरहेको बेला उनीहरूको साथमा हतियार रहेको सुराकको आधारमा प्रहरीले खानतलास गर्दा कटुवा पेस्तोल र सोमा लाग्ने दुई थान गोली बरामद भएको जिल्ला प्रहरी कार्यालयका सप्तरीका प्रहरी उपरीक्षक राजेन्द्रप्रसाद धमलाले बताए। शर्माका साथबाट २०७४ जेठ १३ गते पनि एक थान कटुवा पेस्तोल र सोमा लाग्ने तीन थान गोली फेला परेको थियो। उक्त मुद्दामा शर्मा ११ महीना कैदमा बसेको थिए।

# जीराभवानी मन्दिरमा शिवरात्रि मेलाको तयारी

प्रस, सेढवा, २३ फागुन/

जीराभवानी मन्दिरमा प्रत्येक वर्ष जीराभवानी गापा-१ महादेवपट्टी र वडा नं. २ को सेढवाको दोसाँधमा लाग्ने गरेको


तस्वीरः प्रतीक

लाग्ने महाशिवरात्रि मेलाको तयारी अन्तिम चरणमा पुगेको छ।

फागुन २७ गते महाशिवरात्रिको दिनदेखि १० दिनसम्म लाग्ने मेलाको लागि जग्गा वितरण शुरू भएको छ। मेलामा भारत र नेपालका सयौं पसल, स्टलहरू लाग्ने गरेको छ। गत वर्ष फागुनमा परेको कारण जीराभवानी मेला कोरोनाको कारण प्रभावित भएन भने यस वर्ष पनि लाग्ने तयारी भइरहेको छ। मेलाको लागि विभिन्न खेल तमाशा देखाइने हुँदा सोको सेड निर्माण पनि भइरहेको छ। महाशिवरात्रि मेला छ।

मन्दिर आसपास पर्ने पिपडारी, परसवा, जीतपुर, नौकाटोला, सहजानपुर, हरैया, वसन्तपुर, काठमाडौंटोल, शान्तिनगर, भवानीपुर, सेढवा, जगतिया, पकडीटोला र महादेवपट्टीका मानिसहरू मेलाको तयारीम जुटेका छन्। मेला भर्नको लागि पर्सा, बारा, चितवन र भारतको बिहारबाट पनि मानिसहरू आउँछन्। गाउँलेहरू पनि मेलामा आउने पाहुनाहरूको बसोबास र खानपिनको व्यवस्थापनमा सक्रिय भएका छन्।